REFORMED & PRESBYTERIAN SEMINARY

# RESTORERS

Vol.2. JUNE-DECEMBER 2019



## इसाई बिस्वासका नाममा झुटो शिक्षा

# REFORMED & PRESBYTERIAN SEMINARY

## VISION

We see Nepali Communities flourishing in the fruits of the Gospel through the labor of disciples who are yoked to Christ.

## MISSION

To provide Christ-centered training to equip godly leaders for Christ's church among Nepali people, who are authentic in Christian character, competent in theological knowledge and equipped for ministry.

## VALUES

We want to glorify God through upholding these values:

**Reformed World and Life View**
**Christ-Centered Education**
**Missionary Spirit and Zeal**
**Gospel Transforming Community**
**Nurturing with Nepali Resources**
**Network of Christian Leaders**
**Covenant Spirituality**
**Servant Leadership**
**Holistic Human Development**
**Training for Vocational Ministry**

## ADMISSION REQUIREMENTS

To ensure excellent theological education. All applicants must fulfill all the requirements and qualifications in order to get admission at Reformed & Presbyterian Seminary (RPS).

General Requirements for both programs Master of Divinity (MDiv) and Bachelor of Theology (BTh) Admissions:

**Follow these steps to apply**

**Step 1:** Fill the online pre-application available in Seminary *website (www.rpsnepal.com)*.

**Step 2:** Seminary will contact with you via phone or email to submit your complete forms.

**Step 3:** Download the application form from website and fill the form completely and send it to the seminary office.
Or you can also take application from RPS office.

**Step 4:** Submit the application forms to office before July 15 (check the list of required documents when you submit application).

a. Baptism Certificate, if no certificate, an official letter from pastor.
b. Transcripts and Certificates from all previous schools/institutions.
c. Letter of Recommendations—one from Pastor, and another from academic institution.
d. An essay recently written by you (200-350 words-only for MDiv.)


*FOR MORE INFORMATION PLEASE CONTACT*

**REFORMED & PRESBYTERIAN SEMINARY**
Lalitpur Metropolitan City, Ward No. 25
Phulbari Chowk, Bhaisepati
**Phone:** 977-1-5592987 | **Fax:** 977-1-559298
**Postal:** GPO 8975, EPC 1923 Kathmandu, Nepal
**Email:** rpseminary@gmail.com
**Web:** www.rpsnepal.com

# Word from the **President**



Rev. Arbin Pokharel

## False Teaching-proof Church

It is our desire through the Restorers magazine of RPS, to address theological challenges facing Nepali Churches. This issue deals with one of the most pertinent matter of false teachings infiltrating the churches. The false teachings have grown fast and wide in Nepal due largely to, I believe, the lack of theological maturity in leaders who teach the Bible, preach the gospel and lead the church. At the same time the believers lacking aptitude to search Scripture and find truth like the Bereans (Acts 17:11). Spread of the false teaching is the cost of un-discipleship, and this generation is reaping its harvest.

Tracing the roots of these problems go back to the context in which churches have been planted and raised. Here are some of the general reasons:

There's a general lack of value for theological education in both leaders and believers.

There's also a general lack of critical thinking and learning culture.

Poverty's complex and comprehensive reach across society and people's worldviews.

In the spiritually fertile soil of Nepal, not only Christianity has grown, but also every pit you throw has potentiality to grow. Thus the false teachings have grown far and wide with their false hopes. Nepal is trying to catch up with the modern and globalized world, now with the secular constitution that suffers from contradictions with human rights against minorities. Christianity is moving fast across the country bearing fruits of hope. Churches preach good news and attract people living in the "bad news". They come with all kinds of issues of life, physical, spiritual, emotional and otherwise unspoken expectations and motivations. Many of which remain unmet and unresolved. She has attracted sick people with hopes of getting healed, poor with hopes of getting rich, people in bondages with hopes of being free, marginalized with hopes of justice and equal rights, young people with hopes of opportunities and "losers" with the hopes of getting ahead some day. She has attracted them but not delivered what she promised. And we are experiencing the outcomes of those brokenness in the growth and spread of the false teachings.

Furthermore, Nepal is a sub-literate society. Education is sparse, and what we do have is inadequate, so goes the saying, "little knowledge is dangerous". This is more so when it comes to theological education. Most false teachings and cults have taken root and grown up out of the church, the body of Christ. The way false teaching is revealed is by its contradiction to the life, teaching and mission of Christ. Apostle John is bold speaking about false teachers, he says, "Who is the liar? It is whoever denies that Jesus is the Christ… denying the Father and the Son." (1 John 2:22). According to the Bible denial of Jesus Christ and the Triune God is the starting point of false teaching. The fundamental need of the Nepali church of our time, I believe are:

1. Historically, churches have lived through every form of heresy and falsehood. We need not be surprised, yet Nepali churches will do well to take lessons from history and correct her own course and teachings.
2. Nepali churches need not only education, but also spiritual discernment that comes from the Spirit of Christ.
3. Finally, Nepali church need commitment to discipleship to Jesus Christ as the mission of the church, not any other project.

Over time, only the fruit will tell whether her roots are grounded in Jesus Christ the Truth. May the Lord bring Nepali church to his truth. Amen.

# प्रधानाध्यापकको तर्फबाट

रिफोर्मड एण्ड प्रेसविटेरियन सेमिनारी (आर. पि. एस.) द्वारा प्रकाशित हुने रिस्टोरर्स पत्रिका (Restorers Magazine) को दोस्रो संस्करण प्रकाशित गर्न पाउँदा हामी हाम्रा मुक्तिदाता परमप्रभुलाई धेरै धन्यवाद दिन्छौं। यस पत्रिकाका लागि हाम्रा सेमिनारीका अनुभवी शिक्षक/शिक्षिकाहरूले समसामयिक विषयमा लेख रचनाहरू लेख्नु भएकोमा हामी आभार प्रकट गर्दछौं । साथै यी लेख रचनाहरू मण्डलीहरू वा विश्वासीजनहरूको निम्ति अति नै उपयोगी सिद्ध हुने कुरामा पनि हामी विश्वस्त छौं ।

यो संस्करण झुटा शिक्षाको बिषयको विशेषांङक हो । वर्तमान समयमा बढ्दै गरेका झुटा शिक्षाहरू नेपालमा कहाँबाट प्रवेश गरे, कसरी प्रवेश गरे, र यसको प्रभाव मण्डलीहरूमा कस्तो परिरहेको छ भन्ने विषयमा सबै रचनाहरू केन्द्रित रहेका छन्। साथै झुटा शिक्षाहरूबाट कसरी अलग रहन सकिन्छ र कसरी मण्डलीलाई बचाउन सकिन्छ भन्ने विषयमा लेखकहरूले आ-आफ्ना विचारहरू प्रस्तुत गरेका छन् ।

यर्मियाको पुस्तकलाई हेऱ्यौं भने हामी धेरै झुटा अगमवक्ताहरूवारे उल्लेख गरेको पाउँदछौं। तिनीहरूले इस्राएलीहरूलाई आफ्नो पक्षमा पार्नका लागि राजाहरू र मानिसहरूलाई मनपर्ने अगमवाणीहरू बोल्दथे र धेरै इस्राएलीहरूले तिनीहरूका वचनलाई विश्वास गर्दथे । तिनीहरूकै सल्लाहमा हिँड्थे । परिणामस्वरुप सही अगमवाणी बोल्नेहरूचाहिँ इस्राएलीहरूका लागि झुटा अगमवक्ता ठानिन्थे । यर्मिया एक उदाहरण हुन् । उनलाई प्रायः इस्राएलीहरूले नकारात्मक रुपमा लिए



र दुःख दिए । तर पछि गएर तिनीहरूले यर्मियाको वचनलाई बुझेर पछुतो गरेका थिए ।

बर्तमान परिप्रेक्षमा नेपालमा पनि झुटा शिक्षाहरूले गर्दा सही वचन वा सल्लाह दिने विश्वासी तथा अगुवाहरू छाँयामा परेकाछन् । झुटा शिक्षकहरूलाई नै सही भनेर हिड्ने मानिसहरू पनि प्रशस्तै पाइन्छन्। जसबाट बच्न वा बचाउनका लागि हामीले निरन्तर प्रभुको सही वचनबाट हाम्रा विश्वासीहरूलाई सिकाउनु पर्दछ। हाम्रो सेमिनारीबाट प्रकाशित भएको यस विशेष अंकले विश्वासीहरू र मण्डलीहरूकाबीच निकै नै उपयोगी हुने कुरामा दुई मत छैन ।

**विरेन्द्र श्रेष्ठ**
**प्रधानाध्यापक**

# सम्पादकीय

## चर्चा होली वाइन र परमेश्वरको मण्डलीको

विगतका केही महिनाहरू एउटा युनिर्भसल पिस एफडरेशन (UPF) भन्ने संस्थाले आयोजना गरेको कार्यक्रम The Asia Pacific Summit 2018 ले धेरै चर्चा पायो । अत्यन्तै तामझामका साथ गरिएको यो कार्यक्रमले मिडिया, राजनैतीक अनि धार्मिक वृतमा धेरै चर्चा पायो । नेपाल सरकारकै संलग्नतामा आयोजना भएको कार्यक्रममा धेरै विदेशी प्रमुखहरू र अतिथिहरू पनि थिए । कार्यक्रमका आयोजकका अनुसार नेपाल सरकारको "संमृद्ध नेपाल, सुखी नेपाली" नारालाई नै प्रवर्द्धन गराउने उदेश्यमा कार्यक्रम गर्ने भनिए तापनि कोरियामा स्थापित एउटा विवादित तर शक्तिशाली समूह "मुनवादको" (Moonism) प्रवर्द्धन गराउनु नै थियो । तर त्यो यर्थाथलाई ओझेलमा पार्दै धेरै जसो मिडिया, धार्मिक संस्थाहरू र अनि केही राजनैतिक पार्टीहरूले खीष्टियन धर्म प्रचारको विशुद्ध उदेश्यले गरिएको हो भने प्रचार गरि रहे । आक्रोश पोखिनै रहे । डलरको प्रभाव र प्रलोभनले धर्म प्रचार भयो भने लाल्छना खीष्टियनमाथि लागिरहयो । एउटा राष्ट्रिय टेलिभिजनको कार्यक्रममा उक्त संस्थाको राष्ट्रिय निर्देशकले म "हिन्दु" हो भनेर भन्दा-भन्दै पनि उक्त समुहलाई जवरजस्ती मिडिया र केही राजनैतिक शक्तिहरूले खीष्टियनको विल्ला भिडाइ दिन छाडेनन् । यो क्रम अहिले पनि चलिरहेको छ । उहाँहरूले साच्चै नवुझेर नै यसो गरेका हुन कि बुझ पचाएका हुन ? त्यो उहाँहरूलाई नै थाहा होला । यो घटनाले ईसाई समुदायलाई निकै नै पिडा दियो । आज कतिपयले त ईसाईहरूलाई "होली वाइन" पनि भन्नथालेका छन् ।

यसैगरि केही महिना पहिले इटहरीमा भएको एउटा घटनाले पनि विशेष गरेर सामाजिक सञ्जालमा तहल्का नै मच्चाइ दिइरहेको छ । करिव ६ वर्षसम्म कुनै "परमेश्वरको मण्डली" भन्ने समुहमा काम गरेको एउटा परिवारले उक्त मण्डली भित्र हुने ज्यादतीको भण्डाफोर गऱ्यो : सन २०१२ मै संसार नाश भइहाल्छ भन्दै कलिलो उमेरमा नै परिवार नियोजन गराएको र सबै जग्गा बेचेर मण्डलीलाई दिनु परेको र अनि आफू सुकुम्वासी बनेको । यो घटनाले जन मानसमा अर्को तरङ्ग पैदा गरिदियो । खीष्टियन बनेपछि त सबै लुटदा रहेछन् । खीष्टियनहरूलाई "लुटाहा" को उपमा दिनलाई कतिपय समुदायहरू पछि परेनन् । कस्तो विरोधाभाष ! कोही भन्छन् डलरको प्रभावले वा प्रलोभन देखाएर खीष्टियन हुन्छन् । तर कोही भन्छन ओ हो खीष्टियन भएपछि त सम्पति लुट्दा रहेछन । यसरी खीष्टियनहरूको बदनाम हुन थाले पछि स्थानिय ईसाइ समाजले "खीष्टियनहरूलाई सताउने कसरी



**मणि कोइराला**

ख्रीष्टियन हुनसक्छ” भन्दै उक्त समुह ईसाई समुह नभएको विज्ञप्ती नै जारी गऱ्यो । उक्त समुह यथार्थमा ख्रीष्टियन समुह नभएर झुटो शिक्षाको समुह जसलाई “परमेश्वरको मण्डली” भनिन्छ ।

झुटो शिक्षाहरूको मण्डली, एउटा अभियान अथवा संस्था हुन सक्छ । जसले आफूलाई ख्रीष्टियन भन्छ तर उनीहरू इसाई विश्वासका आधारभूत सिद्धान्तहरूलाई इन्कार गर्छन् वा तोडमोड गर्ने अथवा पवित्र वाइवलमा नै थपघट गरि आफू अनुकुल सिद्धान्तहरू प्रतिपादन गर्दछन् । उनीहरूका सिद्धान्तहरू धर्मशास्त्रबाट समग्रतामा निकालिनुको सट्टा आफैलाई नै दैविकरण गर्ने हेतुले निस्कन्छ । माथिका यी दूई समुहरू झुटा शिक्षाका समूहहरू हुन । यिनीहरू त प्रतिनिधि समूहहरू मात्रै हुन ।

**मण्डलीको उत्पत्तिदेखि नै झुटो शिक्षाहरू ऐंजुरू जस्तै टुसाएका थिए । जुन हुर्किंदै फैलिएर अनि अझै नया पलाउदै छन् । हाम्रो देशमा कति झुटा समुहहरू छन् भन्न नसकिने अवस्था छ ।**

झुटो र साँचोको अन्योलतालाई न्यूनिकरण गर्नलाई केही प्रयासहरू पनि हुदै आएका छन् । तर आधिकारीक रुपमा यो विषयलाई सम्बोधन गर्न नेपालका ईसाई संघ संगठन तथा सम्प्रदाय अनि मण्डलीहरूले छिटो भन्दा छिटो केही कदमहरू चाल्नु पर्ने टडकारो आवश्यकता अवश्य नै देखिन्छ । हाम्रो यस पालीको अंक झुटो शिक्षादेखि सतर्क गराउने अंकले पक्कै पनि यहाँहरूलाई सहायता पुग्ने आशा गर्दछौं ।

**तर एउटा महत्वपूर्ण कुरा चाहिं के हो भने झुटो शिक्षाको औषधी साचो शिक्षा मात्रै हो । ईसाई विश्वासका आधारभूत सिद्धान्तहरू आफूले पनि गहनरूपमा बुझेर मण्डलीलाई पनि सचेत गराउन सक्यौं भने झुटा शिक्षाले हतपत् हाम्रा सच्चा विश्वासीहरू लाई वहकाउन सक्ने छैनन् ।**

यो अंक कस्तो लाग्यो ? यहाँहरूका सुझाव अनि टिप्पणीहरू कृपया हामीलाई पठाउनु होला ।

# Content

Word from the President ................................ ३
प्रधानाध्यापकको तर्फबाट ...................................... ४
सम्पादकको तर्फबाट ................................................ ५
झुटा शिक्षाका जगहरू................................................ ८
झुटा शिक्षाहरूले उब्जाएका प्रश्नहरू .................. १२
सच्चाई केन्द्र: नेपालमा तीव्ररूपमा
फैलिएको झूटा शिक्षा............................................ १६
बाइवल: सत्यताको सर्वोत्तम् मानक .................... १८
Christian Cults in Nepal................................ २०
के बम बहादुरले बाइबल साच्चै बुझ्यो त ?..... २४
प्राचीन मण्डली र झुटो शिक्षा.............................. २६
झुटो शिक्षाहरूको चुनौतीको सामना .................. २९
चिनारी: रन फर द गोस्पल
(Run for the Gospel) ........................................ ३१
गवाही: आफ्नै पास्टरलाई माताको प्रचार............ ३३

# Editorial Committee

**Editorial:** Rev. Mani Koirala
**Chirman Desk:** Rev. Arbin Pokharel
**Principal Desk:** Rev. Birendra Shrestha

**Advisor:**
Rev. Arbin Pokharel
Rev. Jayraj Gurung
Rev. Amit Karthak

# झुटो शिक्षाका जगहरू

*हामी शर्ममा र लुकीछिपी गर्ने कामहरू त्यागेका छौं । हामी धूर्त काम वा परमेश्वरको बचनलाई हेरफेर गर्न इन्कार गर्छौं । तर सत्यको वचन खुलस्त गरी घोषणा गर्दै परमेश्वरको दृष्टिमा हामी हरेक मानिसको विवेकमा आफैलाई ग्रहणयोग्य तुल्याउँछौं (२ कोरिन्थी ४:२) ।*

*जसरी इस्राएलीहरूको माझमा झुटा अगमवक्ताहरू पनि थिए, त्यसरी तिमीहरूका माझमा झुटा शिक्षकहरू खडा हुनेछन् । यिनीहरूले गुप्त रुपले विनाशकारी झुटा शिक्षाहरू ल्याउनेछन्, यहाँसम्म कि तिनीहरूलाई उद्धार गर्नुहुने स्वामीलाई पनि तिनीहरूले इन्कार गर्नेछन्, र आफैमाथि चाँडै विनाश ल्याउनेछन् । र धेरै जनाले तिनीहरूका विलासी आचरणको अनुसरण गर्नेछन्, र तिनीहरूको कारण सत्यका मार्गको बदनामी हुनेछ । लोभको बशमा परेर तिनीहरूले झुटा कुरा बनाएर तिमीहरूबाट फाइदा उठाउनेछन् । तिनीहरूका दण्डको कुरा अगिबाटै निर्णय भइसकेको छ...(२ पत्रुस २:१-३) ।*



**- रामेश्वर यादव**

प्रेरित पावल र पत्रुसले यी पदहरूमा झुटा शिक्षकहरू र तिनीहरूका शिक्षावारे कुनै घुमाउरो वा जटिल तरिकाले भनेका छैनन् । यी पदहरूका शव्दहरू अति सरल र स्पष्ट छन् । यहाँ झुटा शिक्षकहरू र शिक्षाहरूवारे सत्य कुरालाई प्रस्तुत गरिएको छ । दुवै प्रेरितहरूले सत्यतालाई उजागर गरेका छन् । पावलले झुटा शिक्षकहरू र तिनीहरूको शिक्षाहरूवारे कुरा गर्दै तिनीहरूले कसरी परमेश्वरको सत्य वचनलाई हेरफेर गर्छन भन्ने चित्रलाई कोर्दछ । पत्रुसले पुरानो करारमा परमेश्वरका मानिसहरूका माझमा रहेका झुटा अगमवक्ताहरूको ऐतिहासिक उदाहरण दिदै मण्डलीमा पनि झुटा शिक्षकहरू रहेको तथ्यलाई औंल्याउँछन् । यी झुटा शिक्षकहरूले आ-आफ्ना गलत शिक्षाहरू र आचरणहरूले परमेश्वरका मानिसहरूलाई (मण्डलीलाई) परमेश्वर केन्द्रित हुनबाट र उहाँको सेवाकार्यबाट अलग राख्न प्रयास गर्छन् । तिनीहरू मण्डलीलाई निष्फल बनाउन प्रयासरत हुन्छन ।

पत्रुसले भन्छन् कि तिमीहरूका माझमा झुटा शिक्षकहरू हुनेछन् । हामीले यहाँ ध्यान दिने शव्द "तिमीहरूका माझमा" हो । यसकारण, यहाँ पत्रुसले भनेको कुरा आज टेलिभिजन, सभासम्मेलन र घर-घरमा आउने झुटा शिक्षकहरू, प्रेरितहरू र अगमवक्ताहरू तथा अन्य झुटा पन्थहरूको सन्दर्भमा मात्रै सान्दर्भिक देखिदैन, जसले आ-आफ्नो चर्तिकला दिनहुँ देखाइरहेका छन । उनले स्थानिय मण्डलीहरूमा रहेका मानिसहरूको वारेमा कुराकानी पनि गरिरहेका छन् । यसबारे परमेश्वरले असल बीउ र सामाको उखानमा व्यक्त गर्नुभएको छ (मत्ति १३:३७) ।

बाइबलले झुटा शिक्षकहरू, प्रेरितहरू र अगमवक्ताहरू तथा अन्य झुटा पन्थहरूले गर्ने कामहरू प्रति होशियार रहन हामीलाई यसरी बताउँदछ :

**१. ख्रीष्टको सुसमाचारबाहेक अर्को सुसमाचार छैन ।**

झुटा शिक्षकहरू, प्रेरितहरू र अगमवक्ताहरू तथा अन्य झुटा पन्थहरूले सर्बप्रथम परमेश्वर र उहाँको सुसमाचार बङ्ग्याउने वा पूर्णरुपमा उल्टो पार्ने काम गर्छन किनकि सुसमाचारमा परमेश्वरको धार्मिकताको आधारमा पापीहरूलाई उद्धारको निम्ति परमेश्वरको शक्ति छ । यसमा रहेको विश्वासद्वारा नै विश्वासी जीवनको आरम्भ हुन्छ । यसकारण पावलले रोमी १:१६-१७ मा लेख्छन कि "विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति सुसमाचार परमेश्वरको शक्ति हो...किनकि सुसमाचारमा परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ...त्यो धार्मिकता जोचाहिँ सम्पूर्ण रुपले विश्वासद्वारा नै आउँछ ।"

सुसमाचारको महत्व दर्शाउदै र यसको बचाउ गर्दै पावलले गलातीको पुस्तकमा यसरी लेख्नुहुन्छः "ख्रीष्ट र उहाँको अनुग्रहलाई त्यागेर...तिमीहरू भिन्न सुसमाचारतिर लागिरहेछौं....वास्तवमा अर्को सुसमाचार छैन...यस्ता कोहीकोही छन, जसले ख्रीष्टको सुसमाचारलाई भ्रष्ट पार्न खोज्छन् । हामीले प्रचार गरेका सुसमाचारको विपरीत हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गऱ्यो भने पनि त्यो व्यक्ति श्रापित होस्" (गलाती १:६-८)। किनकि शैतानले परमेश्वरको कुराहरूलाई नक्कली रुपले अनुसरण गर्छ । शुरुदेखि नै उसले गलत सुसमाचार फैलाउदै आएको छ।

सुसमाचारमा विश्वास गर्नेहरू सबैको उद्धारको निम्ति परमेश्वरको शक्ति छ । शैतानको बहकाउमा ख्रीष्टका भनौदा सेवकहरूद्वारा प्रचारिएको नक्कली वचनहरू (२ कोरिन्थी ११:१२-२५), झुटा मसिहिहरू उत्पादन गरेर (२ कोरिन्थी ११:२६)...जहाँ-जहाँ परमेश्वरले आफ्नो मानिसलाई बढाउनुहुन्छ, त्यहाँ-त्यहाँ शैतानले झुटा ख्रीष्टियनहरू राख्ने गर्छ (मत्ति १३:३८-३९) । आजकाल बजारमा यस्ता झुटा ख्रीष्टियनहरू प्रसस्त मात्रामा भेटिन्छन् ।

### २. वचनबाहेक अर्को स्रोत छैन ।

हामी यहाँ स्रोतको कुरा गरौं । किनकि तिनीहरूले बाँडने सन्देश कहाँबाट आएको छ ? वा तिनीहरूले परमेश्वरको वचनलाई कसरी दुरुपयोग गरेका छन् ? पावलले भन्छन कि तिनीहरूले शर्मका र लुकीछिपी गर्ने कामहरू गर्ने गर्छन । तिनीहरू धुर्त काम गर्ने र परमेश्वरको वचनलाई हेरफेर गर्ने काम गर्छन । तिनीहरू परमेश्वरको वचनको विरोधीहरू हुन । तर परमेश्वरको सत्य सेवकहरू परमेश्वरको वचनलाई हेरफेर गर्ने काम गर्दैनन् । तिनीहरूले गुप्त र लज्जाजनक तरिका अपनाउदैनन् । तिनीहरू छल कपट प्रयोग गर्दैनन् । परमेश्वरको शिक्षा परिवर्तन गर्दैनन् । अँहँ ! ठ्याम्मै गर्दैनन् । तिनीहरू परमेश्वरको सत्य वचन सजिलोसित बुझाउछन् । तिनीहरू को हुन् भन्ने कुरा मानिसहरूले यसरी नै देख्छन किनकि सत्यको वचन खुलस्त गरी घोषणा गर्दै परमेश्वरको दृष्टिमा सत्य प्रचारकहरू हरेक मानिसको विवेकमा आफैलाई ग्रहणयोग्य तुल्याउँछन (२ कोरिन्थी ४:२) ।

२ पत्रुस १:१६ मा पत्रुसले यसरी भन्छन्, "...हामीले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको महाशक्ति र आगमनको समाचार दिँदा धुर्ततासँग रचिएका दन्तकथाहरूको हामीले अनुसरण गरेनौं, तर उहाँको वैभव प्रत्यक्ष देख्ने हामी साक्षी हौं ।" यहाँ पत्रुसले झुटा शिक्षकले गर्ने कामवारे बताउँदैछन कि तिनीहरू "धुर्ततासँग रचिएका दन्तकथाहरूको" प्रयोग गर्छन । त्यस्तै, २ पत्रुस २:३ ले भन्छ कि लोभको वशमा परेर तिनीहरूले झुटा कुरा बनाएर तिमीहरूबाट फाइदा उठाउनेछन । यसकारण सच्चा परमेश्वरको सेवकहरूले हरेक समयमा परमेश्वरको वचनवाट उघाएर प्रचार गर्छन भने झुटा शिक्षकहरू आफ्नो सिर्जनशिलता र दन्तकथाहरूमा निर्भर रहन्छन । तिनीहरू आफ्नो सन्देशको स्रोत आफै हुन्छन् ।

### ३. ख्रीष्टबाहेक अर्को बिषयबस्तु छैन ।

हामीले सुनेका हरेक सन्देशमा बिषयबस्तुलाई खोज्नुपर्छ। प्रेरितको पुस्तकमा वेरियाका विश्वासीहरूको वारेमा यसरी लेखिएको छ । "यहाँका यहूदीहरू (परमेश्वरको मानिसहरू) थेसलोनिकेकाहरूभन्दा बढी भला थिए किनभने यिनीहरूले पूरा उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुराहरू ठीकै त्यस्तै हुन् वा होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबिन गर्थे । यसकारण यिनीहरूमध्ये धेरैले, साथै निकै जना उच्च घरानाका ग्रीक महिलाहरूले समेत विश्वास गरे (प्रेरित १७:११-१२) ।

यदि सन्देशको स्रोत राम्रो छ भन्ने सन्देशको बिषयबस्तु पनि असल हुनुपर्छ । नत्र त्यसको कुनै महत्व हुदैन । हरेक सन्देशको केन्द्रिय बिषयबस्तु ख्रीष्ट नै हुनुपर्छ किनकि परमेश्वरको सारा वचनले उहाँको वारेमा गवाही दिन्छन् । पावलले कोरिन्थीको मण्डलीलाई यसरी लेख्छन : "...म तिमीहरूकहाँ आउँदा, ठूला-ठूला कुराहरू र बुद्धिमा परमेश्वरका गवाहीको घोषणा गर्दै आइनँ । किनकि तिमीहरूसँग हुँदा येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगेका कुराबाहेक अरु केही नजान्ने नै मैले निश्चय गरेको थिएँ । म तिमीहरूकहाँ दुर्बलतामा ज्यादै डर र कम्पसाथ आएँ । मेरो उपदेश र सन्देश घतलाग्दो र बुद्धिपूर्ण शब्दमा थिएन, तर पवित्र आत्माको र शक्तिको प्रदर्शनमा थियो, ताकि तिमीहरूको विश्वास मानिसको

बुद्धिमा होइन, तर परमेश्वरको शक्तिमा आधारित होस्" (१ कोरिन्थी २:१-५) ।

परमेश्वरको प्रचारको निम्ति येशू ख्रीष्ट नै केन्द्रविन्दु हुनुहुन्छ । "...बोलाउनुहुनेलाई हामीले चिनेका हुनाले परमेश्वरको दिव्य शक्तिद्वारा जीवन र भक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले दिनुभएको छ ।" (२ पत्रुस १:३) । तर झुटा प्रचारकको लागि येशू ख्रीष्ट केन्द्रविन्दु हुदैन । "यिनीहरूले गुप्त रुपले विनाशकारी झुटा शिक्षाहरू ल्याउनेछन्, यहाँसम्म कि तिनीहरूलाई उद्धार गर्नुहुने स्वामीलाई पनि तिनीहरूले इन्कार गर्नेछन, र आफैमाथि चाँडै विनाश ल्याउनेछन् (२ पत्रुस २:१) । यहाँ हामी "गुप्त रुपले" शब्दलाई ध्यान दिऊँ । मण्डलीमा कसैले पनि प्रभु येशूलाई खुल्लमखुल्ला इन्कार गर्दैन । यो अति नै सुक्ष्म हुन्छ । झुटा शिक्षकले पनि ख्रीष्टको नाम निरन्तर उच्चारण गरिरहेका हुन्छन । तर सावधानीपूर्वक र गहनसाथ तिनीहरूका सन्देशलाई केलाउने हो भन्ने ख्रीष्ट तिनीहरूको सन्देशको महत्वपूर्ण अंश हुदैन ।

**४. स्वतन्त्रताबाहेक अर्को उदेश्य छैन ।**

प्रचारक र प्रचारको उदेश्य के हो ? उदेश्य चाहीँ स्वतन्त्रता हुनुपर्छ । तर स्वतन्त्रता बनाउन वा निर्माण गर्नको लागि हो, न कि बिगार्नको लागि । वचनको उदेश्य नै प्रचारक र प्रचारको उदेश्य एउटै हुनुपर्छ । यस सम्बन्धमा पावलले २ तिमोथी ३:१६-१७ मा यसरी लेख्छन: "...वचन सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रुपले सुसज्जित भई सिद्ध भएको होस् ।" यो नै सहि शिक्षा र शिक्षकको उदेश्य हो किनकि हामी यसकै लागि पापबाट स्वतन्त्र गराइएका छौं (एफिसी २:१०) ।

पत्रुसले ख्रीष्टियन स्वतन्त्रतालाई पापबाट हुने स्वतन्त्रतासँग जोड्दछन । यसकारण परमेश्वरका जनहरू यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरू ईश्वरीय स्वभावमा सहभागी हुनुपर्छ (२ पत्रुस १:४) । पत्रुसको पुस्तकले झुटा ख्रीष्टियनवारे यसरी बताउँदछ : "तिनीहरूलाई स्वतन्त्रता दिलाइदिने प्रतिज्ञा गर्छन, तर तिनीहरू आफै भ्रष्टताको दास छन्, किनकि जुन कुराले कुनै मानिसलाई जित्छ त्यही कुराले त्यसलाई दास बनाउँछ ।" (२ पत्रुस २:१९) । माथिका दुवै पदहरूले परमेश्वरका जनले खराबीबाट अलग रहन खोज्छन् तर पापीहरूले पापको दासत्वलाई नै रुचाउँछन् भनेर भन्दछ ।

परमेश्वरको वचनले हामीलाई हाम्रो विश्वासमा सद्गुण, सद्गुणमा ज्ञान, ज्ञानमा आत्मसंयम, आत्मसंयममा धैर्य, धैर्यमा भक्ति, भक्तिमा भातृ-स्नेह, भातृ-स्नेहमा प्रेम थप भनेर भनेको छ । किनकि यी कुराहरू तिमीहरूमा प्रशस्त छन् भने हाम्रा प्रभु येशू ख्रीष्टको ज्ञानमा यी कुराहरूले तिमीहरूलाई बेकम्मा र निष्फल हुनदेखि बचाउनेछन । किनकि यी कुराहरूमा अभाव भएको मानिसचाहिँ पुराना पापहरूबाट शुद्ध भएको कुरा बिर्सेर अन्धा र टाढाका कुरा नदेख्नेजस्तो हुन्छ । यसैकारण भाइ हो, तिमीहरूको बोलावट र चुनाउ निश्चय गर्नलाई अझ जोशिला होओ, किनकि यी कुरा गर्नाले तिमीहरू कहिल्यै लोट्नेछैनौ । किनभने यसरी हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अन्नत राज्यभित्र तिमीहरूलाई भव्य स्वागतसाथ प्रवेश मिल्नेछ (२ पत्रुस १:५-११) ।

तर झुटा शिक्षकहरूले विलासी र संसारकै आचरणहरू अनुसरण गर्न गराउन जोड दिन्छन् । झुटा वचनहरूले मानिसलाई अशुद्ध पार्ने कामवासनामा डुबाउने, अधिकारको अवहेलना गर्ने बनाउने, हठी र घमण्डी बनाउनुको साथै परमेश्वरको निन्दा गर्ने बनाउँछ (२ पत्रुस २:१०) । यसकारण झुटाहरू पाप गर्दा नअघाउने, चञ्चल मन भएकाहरूलाई गलत काम गराउन उक्कसाउने हुन्छन । तिनीहरूको आँखा व्यभिचारले भरिएका, लोभले हृदय भरिएको, पाप गर्न तालिम पाएका हुन्छन् । तिनीहरू श्रापितका सन्तान, सोझो मार्गलाई छोडेर कुमार्गमा लागेका, खराब कामको लाभ लिने हुन्छन । र यस्तै खराब कुराहरू हृदयमा विचार गर्ने, योजनाहरू बनाउने र यसलाई पुरा गर्नको लागि तिनीहरूको हात र खुट्टा निरन्तर सक्रिय भैइनैरहनछन । यो नै तिनीहरूको आचरण र चरित्र हो ।

मानिसहरूको इच्छाअनुसार नै तिनीहरूले आफ्नो प्रचार वा शव्दहरूले तिनीहरूलाई सुन्ने र बोलाउनेहरूलाई तृप्त पार्छन । र निरन्तर आफ्नो गलत कुरामा लगाइरहन्छ। परमेश्वरमा बढाउने प्रतिज्ञा गरेर आफूसँगै आफ्ना पछौटेहरूलाई पनि बिनाशमा डोऱ्याउँछन् ।

**आज यस्ता झुटा शिक्षकहरूको बजारभाउ तेज भएको छ किनकि मानिसहरुले पनि परमेश्वरको वचनभन्दा आफ्नो कानलाई प्रिय हुने कुराहरू सुनाउने शिक्षकहरू खोजीरहेका छन ।**

यस्ता झुटा शिक्षकहरू, प्रेरितहरू र अगमवक्ताहरू तथा अन्य झुटा पन्थहरूहरूलाई देखेर आफ्नो डाँडाको उपदेशको अन्त्यमा दुई प्रकारका बाटोहरू, दुई प्रकारका फलहरू र दुइ प्रकारका जगहरूको कुरा गर्दै येशूले एउटा कडा चेतावनी दिनुभयो । "मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिस मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ । त्यो दिन धेरैले मलाई भन्नेछन, 'प्रभु, प्रभु, के हामीले तपाईको नाउँमा अगमबाणी बोलेनौं ? तपाईंको नाउँमा भूतहरू धपाएनौं । र तपाईको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र ? अनि म तिनीहरूलाई सफासँग भन्नेछु, मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ । ए अधर्म काम गर्नेहरू हो, मबाट दुर होओ (मत्ति ७:२१-२३) ।

अन्त्यमा, मण्डली परमेश्वरको हो । यसलाई ख्रीष्ट स्वयंमले बनाउदै हुनुहुन्छ। झुटा शिक्षकहरू, प्रेरितहरू र अगमवक्ताहरू तथा अन्य झुटा पन्थहरूहरूवारे परमेश्वरलाई हामीभन्दा बढी थाहा छ । यसकारण परमेश्वरले निरन्तर आफ्नो मण्डलीलाई यस्ता झुटा शिक्षकहरू, प्रेरितहरू र अगमवक्ताहरू तथा अन्य झुटा पन्थहरूहरूबाट होशियार रहन पटक-पटक भन्नुभएको छ । तसर्थ परमेश्वरमा रहेको हाम्रो स्वतन्त्रतालाई बनाउने काममा जोशिला भएर उपयोग गरौं र सचेत रहौं ।


## सुचना

यदि तपाईहरुलाई **June** देखि **July** महिनामा कुनै कार्यक्रमहरु जस्तैः सम्मेलन, तालिम वा **Retreat** इत्यादी संचालन गर्नलाई उपयुक्त ठाउँको खोजिमा हुनुहुन्छ भने हामीलाई सम्पर्क गर्नुहोला । महिला र पुरुषको लागि छुट्टा छुट्टै वासस्थानको व्यवस्था, करिव २५० जना क्षमता भएको सभाहल र खाना पकाउने ठाउँको पनि व्यवस्था छ । सहुलियत दरमा उपलब्ध गराउने छौ ।

सम्पर्कः
Reformed and Presbyterian Seminary (RPS)
Phulbari Marga, Bhaisepati, Lalitpur
Phone: 015592987
Mobile: 9843822591

# झुटा शिक्षाहरूले उब्जाएका प्रश्नहरू



- नर्बु शेर्पा

सन १९५१ मा नेपाल प्रवेश गरेको खीष्टको सुसमाचार काँडाघारी वा ढुङ्गेनी जमिनमा परेको बीउ झैं यसलाई बढ्न दिनुको सट्टा आफै निसासिने वा आफै सुकेर नष्ट हुने वातावरण सिर्जना गर्ने काम पञ्चायती राजा तथा त्यस समयका उपल्लो वर्गहरूबाट भएको थियो । राजा र रजौटाहरू यस काममा अति नै सक्रिय थिए । खीष्टको सुसमाचारको बिरुद्धमा सामाजिक तथा राजनैतिक वातावरण सृजना गर्न तिनीहरूले धार्मिक, साँस्कृतिक र परम्परागत विधिविधानको साथै अन्य कडा कानूनहरू बनाए । तर खीष्ट बिरोधी मानिसको यो षडयन्त्र केही दिनसम्म काम लागे पनि तिनीहरू सत्तामा सदाको निम्ति टिक्न सकेनन् । परमेश्वरले सन १९९० मा नेपालमा प्रजातन्त्र ल्याउनुभयो । यस प्रजातन्त्रले प्रगतिवादी सोचमा बाधा दिने सबैखाले राजनैतिक, सामाजिक, आर्थिक, भौतिक, धार्मिक तथा साँस्कृतिक मूल्य-मान्यताहरूलाई निर्मूल र संशोधन गर्दै नयाँ मूल्य र मान्यताहरू स्थापना गरि देश, समाज र राजनितिलाई नयाँ दिशामा डोहोऱ्याउने कोशिष गऱ्यो । नयाँ प्रजातान्त्रिक अभ्यास तथा संवैधानिक व्यवस्थाहरू स्थापना हुँदै गयो ।

यसै पृष्टभूमिमा अघि नै रोपिएको खीष्टको सुसमाचारको बीउलाई परमेश्वरले विस्तारै अंकुराउने र बढ्ने मौका मिलाउदै जानुभयो । परिणामस्वरुप विश्वासीहरू तथा मण्डलीहरूको बृद्धि तथा विकासको तिब्रता १९९० को दशकपछिका दिनहरूमा परमेश्वरले दिन दुई गुणा रात चौ गुणाको दरले बृद्धि गराउनु भयो । छोटो समयमा नै खीष्टको सुसमचारको शक्तिको प्रभाव नेपालमा देखियो । परमेश्वरको अनुग्रहमा नेपालमा भएको विश्वासी तथा मण्डलीहरूको व्यापक बृद्धि, विकास र विस्तारले विश्वका सबै अभियानकर्ताहरू तथा सेवकाइविदहरूमा ठूलो उत्साह थपियो । सुमाचारको निम्ति यो सुनौलो समय थियो । प्रभुमा एकदमै आशावादी भई उहाँको कामको गवाही र प्रचार विश्वमा भैरहँदा विभिन्न देशहरूबाट धेरै अभियानकर्ताहरू नेपाल तिर आकर्षित भए । यसरी बढ्दै गरेको नेपाली मण्डलीहरूले बाइबलिय मूल्य-मान्यता बमोजिमको खीष्टमा नयाँ सृष्टि भई नयाँ दृष्टिकोण धारण गर्दै सुसमाचारको परिवर्तनकारी तथा रुपान्तरणकारी शक्तिले सुसज्जित भएर अन्धत्वले ढाकेको नेपाली समाजमा साँचो र दिगो स्वतन्त्रताको गवाही बने । विश्वासीहरू प्रभुको निम्ति 'नुन' र 'ज्योति' (मत्ती ५:१३-१६) बनी मण्डलीहरू स्थापना गर्दै राम्रो सुरुवात गरे ।

तर खीष्टको सुसमाचारले राम्रोसँग जरा गाड्न नपाउँदै यसको बिरुद्धमा विभिन्न झुटा तथा बहकाउने विभिन्न खाले शिक्षाहरूको व्यापक बृद्धिले मण्डलीहरू र नेपाली समाजका मानिसहरूमा थप अन्यौल्ता, दुविधा र प्रश्नै-प्रश्न उब्जाईरहेका छन् । पूर्ण जीवन अध्ययन बाइबलको पृष्ठ २०२६ मा मर्कूस १३:२२ मा येशू खीष्टले दिनुभएको चेतावनीलाई अर्थ्याउन "आफूलाई खीष्टियन भनी दाबी गर्ने मात्र नभई ...लेखकहरू, अभियानकर्ताहरू, पाष्टरहरू, प्रचारकहरू, शिक्षकहरू, तथा सेवकहरू जसले दाबी गरे जस्तै साँचो विश्वासी नहुन सक्छन" भन्ने मण्डली भित्रको तितो यथार्थलाई प्रकट गरिएको छ। यसको मतलव झुटो शिक्षा जन्मने, बढ्ने र मौलाउने कारण बाह्य नभई भित्रैबाट हुने यथार्थताको प्रमाण हो । मण्डली टुक्रयाएर फैलिदै गरेको झुटो शिक्षाहरूले थोपारिरहेका चुनौतीहरूको

सामना गर्न हामी सबै अगुवा तथा अभियानकर्ताहरूले तिनीहरूका कमजोरीहरू पत्ता लगाउँदै आफूलाई 'असल' वा 'साँचो' भनि प्रमाणित गर्ने काममा आ-आफ्नो शक्ति लगाईरहेका छौं । यसो गर्दै गर्दा परमेश्वरको राज्य र साँचो धार्मिकताको लागि वचनअनुसार हाम्रो आत्मिक तथा चारित्रिक निर्माण प्रक्रियामा अभ्यस्त हुँदा र अभ्यस्त गराउने क्रममा हामीबाट के कति गल्ती भयो र कहाँ भयो भन्ने बारेमा विभिन्न प्रश्नहरू हामी अगूवाहरू तथा अभियानकर्ताहरू आफैले आफूलाई नै गर्नुपर्ने देखिन्छ । किनकि झुटा शिक्षकहरूले हामी अगूवाहरू तथा मण्डलीको व्यवस्थामा रहेको कमजोरीहरू देखाएर हाम्रा विश्वासीहरूलाई भड्काउने काम गर्छन् र उनीहरू आफैलाई चाहिँ सत्य सावित गर्ने कोशिष गर्दछन् । जुन मौका तिनीहरूलाई त्यतिकै त मिलेन होला ? तसर्थ यसै सन्दर्भमा हामीले भन्दा पहिला यस्तै चुनौतीहरूको सामना गर्दै आएका लामो इतिहास बोकेका विश्व मण्डलीहरू तथा अगुवाहरूबाट हामी नेपाली मण्डलीहरूले सिक्नुपर्छ । तिनीहरूबाट सिकेका तथ्यहरूका आधारमा सुधारको बाटोमा हिनेर खीष्टको साँचो धार्मिकता अंगाल्दै समाजमा नून र ज्योति बन्नु पर्ने आजको अवश्यकता रहेको छ । हामीबाट भएका गल्तीहरूलाई स्वीकार गर्दै हामी खँदिलो खाना पचाउन सक्ने परिपक्व प्रभुको सेवकहरू र मण्डली हुनुपर्ने भएपनि हामी त्यसो हुन सकेका छैनौं । मण्डलीलाई प्रेम गर्दै ब्वाँसोहरूसँग चनाखो भई प्रार्थना र एक अर्काप्रति वास्ता देखाउदै सुधारको अभियानमा लाग्न हामी नेपाली मण्डलीहरूले अझैं परिश्रम गर्नै पर्छ ।

हामी नेपाली मण्डलीहरू र अगुवाहरूसँग खीष्टको बेलावटअनुसार सहकार्य गरिरहने अभियानकर्ताहरूले पनि आफैले आफैसँग केही प्रश्नहरू सोध्नुपर्ने समय आएको छ । किन नेपाली मण्डलीहरूले आफ्नो शैशवकालमै यस्तो झुटो शिक्षाको चुनौति झेल्नुपरिरहेको छ? के यी अन्त्यको दिनका चिन्हहरू नै हुन भन्दै मण्डलीमा प्रचार गरिरहने ? झुटो शिक्षाहरूले सहजै हाम्रा मण्डलीहरूमा प्रवेश गरेर मौलाउने मौका कसरी पाए ? बाहिरबाट भित्रिएको तथा नेपालमा नै उत्पादन हुँदै गरेको यर्थाथताबाट विश्वासीहरूलाई बहकाउने शिक्षाहरूको प्रभाव र यसका बृद्धिका कारणहरूको सूक्ष्म अध्ययन हुन जरुरी छ ।

तिमोथी केलरले "काउन्टरफिट गड्स" भन्ने उहाँको पुस्तकमा हामी बसेको वातावरणीय तथा साँस्कृतिक प्रभावको परिणामअनुसार हाम्रो हृदयलाई अधिन गर्ने थोकहरू जस्तैः कतिपयको लागि परिवार, जागिर, उपलब्धि तथा प्रशंसा पाउनु हुन सक्छन् भनेर भनेका छन् । यस्ता थोकहरू नै ती मानिसहरूका वास्तविक 'प्रभु' वा 'मालिक' हुन पुगेका छन् । कति मानिसको हृदयमा जीवनको संघर्ष आनन्ददायक सम्वन्धमा रहिरहनु, साथीभाईहरूमा सदैव प्यारो बन्नु, प्रतिस्पर्धात्मक संसारमा आफूलाई सक्षम् वा अब्बल तुल्याउनु, भविष्यमा सुरक्षित र आरामदायी जीवन व्यथित गर्ने ईच्छाले राज गरेको हुन सक्दछ । कतिको हृदयमा जीवनमा गरिरहेका संघर्षहरू जस्तै शारीरिक तथा बौद्धिक सुन्दरता बढाउनु, सामाजिक तथा राजनैतिक हैसियत बढाउनु, नैतिकवान वा नम्र जीवन धारण गर्ने भावनाले वास गरेको हुनसक्छ । त्यसै गरि ईसाई अगुवाहरू तथा अभियानकर्ताहरू सेवाकाईमा सफल हुने भावना र प्रयत्न वास्तविक जीवनको प्रभु बन्न सक्दछन् । यस्तै अदृश्य प्रभुहरूले मानिसहरूको जीवनको अधिकांश समय र स्थान ओगटेका हुनाले परमेश्वरको राज्य र धार्मिकताले कम स्थान पाईरहेका हुन्छन् ।

नेपालको परिप्रेक्ष्यमा पनि हामीहरूको अदृश्य तर वास्तविक 'प्रभु', जीवनको 'मालिक' वा 'राजा' खीष्ट नभई उहाँको सेवाकाईको नाममा 'माम', 'नाम', 'दाम', 'काम', 'ठाम', तथा 'हाम' भैरहेको एउटा तितो यथार्थता हो । यसको तात्पर्य :

(१) बोलावट होस कि नहोस तर सेवाकाई 'माम' को लागि गर्ने । धेरैको निम्ति सेवाकाई सजिलो माध्यम भएको छ र यो 'माम' मै केन्द्रित भएर काम गर्ने प्रवृति

(२) खीष्टको सेवाकाईको नाममा मण्डली भित्र पनि आफ्नो पद, संस्था, मण्डली, सम्प्रदाय, परिवार, जात वा समूदाय आदि आफ्नो 'नाम' र पहिचानको लागि जुनसुकै बलिदान पनि गर्न/गराउन तयार हुने प्रबृति,

(३) बिना परिश्रम 'दाम'को लागि तु को तु खीष्टमा भएको नयाँ-नयाँ दर्शन र बोझ देखाएर दाम

बटुल्ने प्रबृति। "देऊ त दिइनेछ" भनि प्रचार गरेर 'दाम' जम्मा गर्ने प्रवृति,

(४) सेवाकाईको नाममा चङ्गाई र छुटकाराको 'काम'लाई मात्र महत्व दिने संस्कार साथै सेवाकाईमा सफल हुनलाई पनि कामलाई मात्र महत्व दिने र निमुखा र गरीबहरूलाई साधनको रूपमा प्रयोग गर्ने प्रबृति,

(५) खीष्टियन भएपछि विदेश जान पाईन्छ भन्ने नेपाली मानसिकता मै रहेर सेवा-सम्बन्धमा रहने र विदेशको 'ठाम' मा गएपछि स्वघोषित शरणार्थी र पलायन हुने प्रवृति, र

(६) सेवाकाईको नाममा सित्तैमा 'हाम' गर्न पाइने र त्यसको लेखाजोखा कतै पनि नहुने जस्ता गलत प्रवृतिहरूको बृद्धिले ईसाई समूदायमा छाडापन ल्याईरहेको अवस्था।

खीष्टलाई जीवनको प्रभु बनाई उहाँको अधिनमा रहन पापमय शरीरलाई कज्याउने आत्मिक अनुशासन र

---

**हाम्रो बिचमा भएका यस्ता गलत विचार र व्यवहारले खीष्टको धार्मिकतालाई ओझेलमा पार्ने काम गऱ्यो र धेरै मानिसहरू मुखले मात्र प्रभु प्रभु भन्ने भए। यीनै हृदयका विभिन्न 'प्रभु'हरूको पहिचान गर्न-गराउन र त्यसै को खोजीमा हुनेहरूलाई सचेत गराउने काममा वास्ता भएन।**

---

मण्डली ईतिहासको परम्पराबाट सिकेर मण्डलीहरूलाई सिकाउने काम हुँदै भएन। बाइबलले खीष्टसँग रहिरहन माग गरेको अनुशासनमा हुर्कदै मण्डलीहरूलाई सही दिशा दिन अगुवापनमा भएको खडेरीपन तथा कतिपय अभियानकर्ताहरूसँगको सहकार्यमा पारदर्शिता, दूरदर्शिता र समन्वयको अभावले मण्डली फुट्न थाले। झुटो शिक्षकहरू र यसलाई विस्तार गर्न आउने विदेशी अभियानकर्ताहरूलाई चिन्न नसक्दा मण्डलीहरूलाई फुटाएर कमजोर बनाउने वातावरणलाई प्रोत्साहन मिल्दै गयो।

मण्डलीहरूबाट हुन गएका कमजोरीहरू सुधारका लागि हामी आफैले आफैलाई सोध्नुपर्ने प्रश्नहरू मत्ती ५:२० मा येशू खीष्टले चेतावनी दिनुभए जस्तै हाम्रो धार्मिकता कतै शास्त्री र फरिसीहरूको जस्तै पो हुन गएको हो कि? मत्ती ७:१-६ मा खीष्टले दिनुभएको चेतावनीमा जस्तै हामी पनि कतै हाम्रो आफ्नै आँखामा भएको मूढाचाहिँ थाहा नपाउने तर अर्काको आँखाको धूलोको कण पनि देख्ने पो भएका छौ कि? कतै हाम्रो धार्मिकता वा चरित्र मत्ती २४:४५-५१ खण्डमा येशूले दिनुभएको दृष्टान्तमा जस्तै "मेरो मालिक बियाँलो गर्छन", भन्ठानी मालिकको इच्छा बिरुद्ध अन्यहरूमाथि शोषण गर्ने दुष्ट नोकर जस्तो पो भएका छौँ कि? परमेश्वरको बचन र उहाँको नियम तथा कानूनमा बाँधिएको र उहाँको धार्मिकताले महत्व पाउनुको अलवा शताब्दीयौंदेखि मन्त्रतन्त्र, ज्योतिष विद्या, बोक्सी विद्या, प्रेतात्मवादले जरो गाडेको ठाउँमा भूतप्रेतहरू र दुष्टात्माहरूबाट छुटकारा र रोगहरूबाट चङ्गाईको काम र शिक्षाले मात्र मौलाउने वातावरण पायो कि? सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक र साँस्कृतिक हिसाबले बाँधिएको, पिछडिएको, अशिक्षित, कुण्ठित, पिडित, शोषित, दलित, गरीब, अनाथ, अशक्त, विधवाहरूको समाजमा स्वभावैले पनि 'माम, 'नाम', 'दाम', 'काम', 'ठाम', तथा 'हाम' उनीहरूको आवश्यकता र प्राथमिकता पो हो कि?

हाल खीष्टियनहरूको संख्यामा वृद्धि भएको यथार्थता साँचो हो। तर यो वृद्धिको कारण अभियानकर्ताहरूले सामाजिक, धार्मिक तथा साँस्कृतिक संस्थाहरू दिएको नयाँ दृष्टिकोणले हो कि साच्चै सु-समाचारको शक्तिको उपज नै हो? यदि खीष्टकै सुसमाचारको कारणले मण्डलीहरू परिवर्तन भैरहेको भए साँचो खीष्टको गवाही दिँदै झुटा शिक्षक र उनीहरूको शिक्षाले दिने गलत दिशालाई त सजिलै इन्कार गर्न सक्ने हुनुपर्ने थियो। तर किन भएन? कारण यी दिनहरूमा मण्डलीहरूमा भित्रिएको भौतिकता र व्यापारीकरणले खीष्टको राज्य र धार्मिकतामा खडेरी लागेकै हो। यसरी खीष्ट मण्डलीको जीवन र सेवाकाईको प्रभु बन्न सकेन। यस्तो समयमा कुनै बलिदान बिनानै खीष्टकै अनुग्रहमा बढ्दै गरेको नेपाली मण्डलीहरूले झुटो शिक्षाको चुनौती भोग्दै गर्दा सरकार र समाजबाट यदि डरलाग्दो

सतावट भोग्नुपरेमा के होला ? के सबै विश्वासीहरू खीष्टको निम्ति बलिदान हुनलाई तयार होलान् ?

*झुटा शिक्षाका ब्वाँसोहरूलाई आफ्नो सेवा इमानदारिता, सत्यता, शुद्धता, र खीष्टमा साँचो विश्वासमा आधारित भएको ठान्दै भेडाको भेष धारण गर्न गह्रो भएन । कारण हामीमा भएका कमजोरीहरूको कारण मण्डली भित्रैबाट झुटा शिक्षाहरू सुरु भएर यसले बढ्ने र मौलाउने वातावरण पायो (२ को. ११:१३-१५)* । वास्तविक प्रभु, जीवनको वा सेवाकाईको मालिक खीष्ट नभई सबैको फरक-फरक हुन गएकोले नै अगुवाहरू तथा मण्डली सम्प्रदायहरू बीचको एकता खोलाको दुई किनार जस्तो हुन गएको देखिन्छ। खीष्टको धार्मिकतामा त एकै देखिनु वा हुनुपर्ने हो (एफिसी ४:४-६) तर चरित्रमा एक-अर्काको बिरोध गरिरहने प्रवृतिले साच्चै "प्रोटेस्टेण्ड" भनेको बिरोध गर्नेहरू नै हो भने जस्तै भैरहेको छ । यसर्थ झुटो शिक्षाहरूसँग भन्दा पनि पहिला हामी भित्रका विभिन्न प्रभुहरूसँग डराउनु पर्ने देखिन्छ। यी प्रभुहरूको सेवा र आराधनाले खीष्टको धार्मिकता ओझेलमा पर्ने मात्र होइन, मण्डलीलाई फुटाउनु साथै मण्डलीलाई खीष्टको सुसमाचारदेखि अलग गर्ने खतरा छ ।

हाम्रा हृदयको सिंहासनमा येशू खीष्ट राज गरे पछि जस्तै हाम्रा अंगप्रत्यङ्गले उहाँको आज्ञा पालन गरे पछि मात्र धार्मिकताको फल फल्न सक्छ र परमेश्वरको राज्य बृद्धि हुनसक्छ । यो सम्भव पनि छ । संसार र शरीरमै भएर पिताको इच्छा पुरा गर्न जीउनु पर्ने आवश्यकतालाई पूर्णरुपमा आत्मिक नियमलाई विकसित गर्न खीष्ट स्वंमले पनि संसार र शरीरमा (मत्ती ३:१५) व्यवस्था पालन गर्नुभयो । शैतानसँगको परिक्षामा येशू वचनमै रहेर विजयी हुनुभयो र अन्त्यमा मृत्यूसम्मै आज्ञाकारी हुनु भएर महिमित शरीरमा बौरि उठ्नुभयो । परमेश्वरको राज्य र धार्मिकताको लागि वचनको सत्यताअनुसार जीवन जिउनुलाई उहाँले ठूलो महत्व दिनुभएको छ (मत्ती ५:१८-२०, ७:२१-२३, यूहन्ना १४:२३-२४)। यसको आवश्यकता र महत्वलाई निरन्तरता दिन येशूले वचनअनुसार जिवन जिउनेहरूको निम्ति पवित्र आत्मा शिक्षक तथा सल्लाहकारको रुपमा पठाई दिनुभएको छ (यूहन्ना १४:१५-१७, १५:२६) । पवित्र आत्माको निर्देशन र नियममा रहन शरीरलाई तालिम दिँदै खीष्टमा केन्द्रित हुने परम्परा मण्डलीको सुरुवातदेखि नै थियो । मण्डलीलाई आरम्भ देखिनै झुटो शिक्षाबाट अलग हुन र वचन मुताविक संसार र शरीरको इच्छा र अभिलाषालाई त्यागी पवित्र आत्माको निर्देशन र नियन्त्रणमा रहन ईतिहासमा विभिन्न आत्मिक अनुशासन र परम्पराको विकास भएको थियो । यस्तै आत्मिक अनुशासनको कारण विभिन्न सङ्कटकालमा पनि मण्डली आफ्नो अस्तित्वमा रहन सक्यो । पछिल्लो समय विकशित भएका खीष्ट केन्द्रित बाइबलीय आत्मिक तथा मण्डली अनुशासनको शिक्षाहरूबाट नेपाली मण्डलीहरूले सिक्नुपर्छ । यस्ता आत्मिक अनुशासनहरूको अध्ययन, मनन् र यिनीहरूको निरन्तर अभ्यासद्वारा खीष्टमा आज्ञाकारी मण्डली हुने कुराहरूबाट नेपाली मण्डलीहरू टाडा हुँदा मण्डली कमजोर बन्नगयो । हृदयका प्रभुहरूबाट आफैलाई अलग गरी वचनको शक्तिमा हृदयलाई खीष्टमा केन्द्रित गराउने आत्मिक अनुशासनको निरन्तर अभ्यासद्वारा प्राण, आत्मा र शरीरलाई तालिम दिएर विश्वासको जग बलियो बनाउन सकिन्छ । यस किसिमको आत्मिक अनुशासनको प्रक्रियाद्वारा अनुशासित भई प्राप्त वचनको प्रकाशमा झुटो शिक्षाको सामना गर्ने र उनीहरूलाई पनि प्रभुमा जित्न सक्ने हैसियत अबको मण्डलीहरूले राख्नसक्ने हुनुपरेको छ ।

अन्तमा भर्खरै सियोन मण्डलीमा लामो समयदेखि सेवकको रुपमा कार्यरत इटहरीको कार्की दम्पतिले सामाजिक सञ्जालद्वारा सार्वजनिक रुपमा यस मण्डलीको भित्रि रुपलाई उदाङ्गो बनाई दिईएका छन् । भ्रमात्मक शिक्षाद्वारा डरको माहोल बनाई सोझा, सिधा, गरीब मानिसहरूलाई शारीरिक, मानसिक तथा आत्मिक यातना दिएर आफ्नो नियन्त्रणमा राख्ने विदेशी अभियानकर्ताहरू बिरूद्ध नेपाली मण्डलीहरूले केही गर्नुपर्ने देखिन्छ। गलत शिक्षाको डर र धम्कीबाट पिडित कार्की दम्पति एक उदाहरण पात्र हुन् । यी दम्पति जस्तै अन्य पिडित व्यक्तिहरू हजारौं छन्। अब खीष्टको प्रेममा तिनीहरूको उद्धार गरी सुरक्षा दिन नेपाली मण्डलीहरूले रणनीतिक हिसाबले सक्षमताको साथ असल छिमेकीको भूमिका निर्वाह गर्नुपर्ने बेला आएको छ ।

# सच्चाई केन्द्र:

## *नेपालमा तीव्ररूपमा फैलिएको झूटा शिक्षा*

- आशिस सिन्हा

**सच्चाई केन्द्र के हो ?**
सच्चाई केन्द्र येशू खीष्ट र बाइबलसँगै हिन्दू धर्मका रितिरिवाज, परम्परा र आस्थालाई सँग-सँगै लिएर जाने झूटा शिक्षाको समूह हो । यसलाई ईश्वरीय मार्ग भजन मण्डल पनि भनिन्छ ।

**यो कहिले सुरु भयो ?**
यो झुटो शिक्षाको आरम्भ पहिलो पटक भारतको उत्तराखण्ड राज्यमा भएको थियो । यसलाई "तुम जगतकी ज्योति हो" भनिन्छ ।

यो पन्थको प्रभाव भारतको उत्तराखण्ड राज्यमा ठूलो रहेको छ । यस सच्चाई केन्द्रलाई प्रकाश दीप गैरे र सुशीला कटेल गैरेले सुरू गरेका थिए । तिनीहरू श्रीमान र श्रीमति हुन । तिनीहरूलाई सच्चाई केन्द्रका अनुयायीहरूले सर र म्याडम भनेर सम्बोधन गर्ने गर्दछन् ।

नेपालमा विक्रम संवत (वि.स.) २०७० मा यसको सुरुवात भयो । तर यसको कार्यालय वि.स. २०७४ मा पोखरामा स्थापना गरियो ।

**नेपालमा यसको प्रभाव कस्तो छ ?**
नेपालभरि १४ लाख सदस्यहरू रहेको यस केन्द्रको दाबी छ । नेपालमा ६०,००० हजार पुरुष र स्त्रीहरू पूर्णकालिन सेवक र सेविकाको रूपमा रहेकाछन् । पोखरामा मात्र उनीहरूका ३ दर्जन केन्द्रहरू छन् ।

**यसले नेपालमा के-के काम गर्छ ?**

**प्रार्थना:** यसले खीष्टियन जस्तै विरामीलाई निको पार्न र दुष्ट आत्मा लागेकाहरूलाई टिठ्याउन येशूको नाउँमा प्रार्थना गर्ने गराउने गर्दछ ।

**बाइबल:** यसमा बाइबलको वचन र पदहरूलाई नै अधार बनाएर प्रवचन दिने र मानिसहरूलाई सिकाउने काम गरिन्छ ।

**विश्वासी:** यस केन्द्रमा आउने मानिसहरूलाई विश्वासी भनेर सम्बोधन गर्ने गरिन्छ ।

**भजन/गीत:** यस पन्थका अनुयायीहरूले येशूको नाममा भजन/गीत गाउने गर्दछन् ।

**योग र ध्यान:** यस केन्द्रमा आउने मानिसहरूलाई योग र ध्यान पनि सिकाइन्छ ।

**टिका र विवाह:** यसमा अनुयायीहरूलाई टिका लगाउन कुनै रोकटोक छैन र हिन्दू परम्पराअनुसार नै विवाह दिने चलन छ ।

**देउसी र भैलो:** यसमा अनुयायीहरूले देउसी र भैलो खेल्ने, तीज, दसैं र तिहार पनि मनाउछन् ।

यसका शिक्षाहरू कस्ता छन् ?
१) सबै धर्म एउटै हो ।
२) सबै धर्म शास्त्रहरू पढ्नलाई अनुमति दिइएको छ तर बाइबलचाहिँ मुख्य अध्यात्मिक किताब हो ।
३) मुक्तिचाहिँ येशूद्वारा पाईन्छ र परमेश्वर अनुग्रही र प्रेमी हुनुहुन्छ ।
४) परमात्मामा भरोसा र विश्वास गर्दा आत्माबाट असल गुणहरू देख्न सकिने मान्यता राख्दछ ।
५) शान्तिचाहिँ मनैदेखि आउनुपर्दछ ।
६) परमात्मालाई हृदयदेखि विश्वास गर्नुपर्दछ ।
७) हरेक मंगलबार अन्य भाषामा प्रार्थना गर्नुपर्ने नियम पनि छ ।

**झुटा शिक्षावारे बाइबलको चेतावनी**

झुटा शिक्षा सम्बन्धमा बाइबलको केही पदहरूले दिएको शिक्षामा ध्यान दिनुहोस ।

❖ प्रेरित पावलले कलस्सी २:८ मा यसरी लेखेको

छः "ध्यान देओ, कि कसैले दर्शनशास्त्र र खोक्रो छलद्वारा तिमीहरूलाई शिकार नबनाओस्, जो खीष्टकाअनुसार होइनन् ।"

❖ यहूदा ४ पदले भन्छः "यिनीहरू ईश्वरहीन मानिसहरू हुन्, जसले हाम्रा परमेश्वरको अनुग्रहलाई विलासीतामा परिणत गरेका छन्, र हाम्रा एकमात्र स्वामी र प्रभु, येशू खीष्टलाई इन्कार गर्छन् ।"

❖ १ कोरिन्थी १०:१४–२० ले भन्छः "प्रभु–भोज पनि खाने अनि मूर्तिपूजा पनि गर्ने कार्यलाई प्रेरित पावलले भूतप्रेतसँग तुलना गरेका छन् ।"

❖ १ यूहन्ना ५:२१ अनुसार परमेश्वरको जनहरू "मूर्तिपूजाबाट अलग" रहनुपर्छ ।

❖ यशैया ४३:१०–११ र व्यवस्था २०:३ मा यसरी लेखिएको छः "मबाहेक अरू कोही परमेश्वर छैन ।"

❖ व्यवस्था १२:४ मा, "तिमीहरूले परमप्रभु तिमीहरूको परमेश्वरको आराधना उनीहरू (झुटा मानिसहरू) को पाराले नगर्नु" भनि चेतावनी दिएको छ ।

❖ येशू खीष्ट भन्नुहुन्छ, "मलाई प्रभु, प्रभु भन्नेहरू सबैजना स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्" (मत्ती ७:२१) ।

❖ यशैया ४५:१० मा लेखिएको छः "तिनीहरू बचाईने छैन" । यसको अर्थ येशू खीष्टलाई पनि विश्वास गर्दै अन्य धर्मकर्मका कुराहरूलाई पनि मान्नु परमेश्वरको नजरमा गलत हो ।" किनकि "येशू खीष्ट मात्र मुक्तिदाता हुनुहुन्छ उहाँ बाहेक अरू कसैमा मुक्ति र अनन्त जीवन पाईदैन (प्रेरित ४:१२) ।"

उनीहरूका शिक्षाहरू बाइबल विपरित छन् । तिनीहरूले साँचो रूपमा खीष्ट येशूलाई विश्वास गर्नेहरूलाई भ्रममा पार्ने काम गरिरहेका छन् । यसैले सबै विश्वासीहरू यस झूटा शिक्षा सच्चाई केन्द्रदेखि सचेत रहनुपर्छ ।

# नेपालमा प्रचलनमा रहेका झुटा खीष्टियनहरूको सूची

१. आङ्ग साङ्ग होङ्ग र छाङ्ग गिल जा (माता)

२. गुड न्यूज मिसन

३. सिन्छन्जी (नयाँ स्वर्ग र पृथ्वी गवाहीको पाल)

४. मोर्मन

५. जेहोवा वीटनेस (यहोवाका साक्षीहरू)

६. जीजस वन्ली

७. खीष्टको मण्डली (चर्च अफ क्राईष्ट)

८. खीष्टियन साइन्स

९. मानमिन चर्च (जे. रक. ली)

१०. फेमिली रेडियो

११. मुनिज्म (डा. मुन)

१२. वे ईन्टरनेसनल (The Way International)

१३. खीष्टियन सु-समाचार सभा (छङ म्योङ सक)

१४. सुसमाचारको राज्य-पूर्विय प्रकाश Church of the Gospel's Kingdom (Eastern Lighting)

१५. अपोलो क्यारीन क्योबोली (Apollo Carreon Quiboloy)

१६. सच्चाई केन्द्र

१७. उग्रअनुग्रहवाद (पापा प्रचारक) (Hyper-Grace and Papa Preachers)

# वाइवलः सत्यताको सर्वोत्तम मानक



- मणि कोईराला

**परिचय**

आजको २१औं शताव्दीमा सत्य के हो भन्ने बारेमा प्रसस्तै दावी गरिएका छन् । यो ठीक र यो वेठीक भन्ने र यो विश्वास गर्नुपर्छ र यो विश्वास गर्नु हुदैन भन्ने अवधारणाहरू दिनदिनै वजारमा आइरहेका छन् । अझै उत्तर-आधुनिकवादले त कुनै कुरा पनि पूर्ण हुदैन भनेर सिकाउदछ । अनि ज्ञान, सत्यता, नैतिकता भन्ने कुरा समाज, संस्कृति र ऐतिहासिक सन्दर्भसँग सम्बन्धित हुन्छ भनेर झन अन्यौल सृजना गरिदिएको छ । तर हामी मानिस जातिले परमेश्वर, सृष्टि, सम्बन्धहरू, जिम्मेवारी तथा उत्तरदायीत्वहरू, नैतिकता आदिका बारेमा जान्नैपर्छ । यस्ता महत्वपूर्ण सवालहरूको जवाफ पाउनका लागि केही न केही उच्च मानक अथवा अख्तियारीको आवश्यकता पर्दछ। कतिपय सत्यताको दावीका मानकहरू विज्ञान, आदेश, अनुभव, तर्क इत्यादीहरू हुन सक्छन् । यी दावीहरूमा केही-केही सत्यताहरू भए तापनि ईसाईहरूले यी नै तथ्यहरूलाई सर्वोत्तम मानकको रुपमा स्विकार गर्दैनन् ।

ईसाईहरूले विश्वास गर्ने सर्वश्रेष्ठ मानक भनेको परमेश्वरको वचन हो । परमेश्वर भन्दा ठूलो अख्तियारी हुनै सक्दैन । यसकारण परमेश्वरको वचन नै हाम्रो जीवनको लागि अन्तिम मानक हो, जुन हाम्रो लागि एउटा प्रेम पत्रको रुपमा (यर्मिया ३१:३), ज्योति (भजनसंग्रह ११९:१०५), अनि आत्मिक तरवार (एफिसी ६:१७) जस्ता उपमाका रूपमा प्रकट भएका छन् । यसरी उहाँको वचनद्वारा दैनिक जीवनमा आइपर्ने अन्यौलताहरू तथा द्विविधाहरूको चिरफार गर्न सक्छौं ।

आज हाम्रा हात-हातमा भएको परमेश्वरको वचन वाइवल रातारात तयार भएको दस्तावेज होइन । वाइवल भित्रका पुस्तकहरू तीन महादेशका ४० जना जति लेखकहरूले लगभग १५०० वर्षको अवधीमा हिब्रु (पुरानो नियम) र ग्रीक (नयाँ नियम) भाषामा लेखेका थिए । इस्वी सम्वतका एउटा निश्चित समयमा पवित्र आत्माको प्रेरणाद्वारा ६६ वटा पुस्तकहरू पहिचान गर्ने ज्ञान दिनुभयो । मण्डलीको उत्पत्ति, वृद्धि र विकाश सँगसँगै झुटा सिकाइहरू पनि बढदै गए । धर्मशास्त्रले सिकाएका कतिपय सिद्धान्तहरूको गलत व्याख्या गरियो भने झन् रोमन क्याथोलिक सम्प्रदायले त वाइवलको अख्तियारीलाई भन्दा मण्डली र परम्परालाई उच्च प्राथमिकतामा राख्यो । यसैको परिणामस्वरुप १६औं शताव्दीमा मार्टिन लुथर लगायतका सुधारवादी अग्रजहरूले रोमन क्याथोलिकसँग प्रोटेस्ट गरेर "केवल धर्मशास्त्र मात्रै" (Sola Scriptura) भन्ने वाइवलिय धर्म सिद्धान्तको एकिन गरे । "केवल धर्मशास्त्र (Bible) मात्रै" को अर्थ वाइवल मात्र परमेश्वरको वचन हो, जुन अचुक, अकाट्य र पूर्ण छ । यसका केही विशेषताहरू यस प्रकार छ :

**१. अख्तियार :** धर्मशास्त्रको अख्तियार भन्नाले धर्मशास्त्रमा भएका सबै वचनहरू परमेश्वरका बचनहरू छन् । कुनै पनि वचनहरूलाई अविश्वास गर्नु वा नमान्नु भनेको परमेश्वरलाईनै अविश्वास गर्नु हो ।

**२. धर्मशास्त्रको स्पष्टता :** यसको अर्थ यो हो कि हाम्रो मुत्ति र हाम्रो ईसाई जीवन वृद्धिका लागि आवश्यक पर्नजाने सबै कुराहरू यस धर्मशास्त्रमा स्पष्टतापूर्वक बताइएका छन् ।

**३. धर्मशास्त्रको आवश्यकता :** धर्मशास्त्रको आवश्यकता सुसमाचार जान्नका लागि, आत्मिक जीवन कायम राख्नका लागि, अनि परमेश्वरको इच्छा जान्नको लागि आवश्यक छ ।

**४. धर्मशास्त्रको प्रर्याप्तता :** परमेश्वरको वचन हाम्रो मुत्तिका लागि र उहाँमा पूर्णरुपले भरोषा राख्नका लागि प्रर्याप्त छ ।

**चुनौतीहरू**

प्रायः सबै झुटा शिक्षाहरूले वाइवलकै उद्धरण गरेर अर्थात हवाला दिएर हामीले व्याख्या गरेको ठिक हो भनेर भन्छन् । घर-घर, बाटोघाटो जहाँ पनि वाइवल बोकेर वाइवल भित्रकै कुरा गर्छन । अईसाईहरू भन्दा उनीहरूको मुख्य ध्यान ईसाईहरू प्रति नै हुन्छ । भर्खर विश्वासमा आउन

लागेका कलिला मुनाहरूलाई भ्रममा पारेर उनीहरू तिर आकर्षित गर्छन् । प्रभूको मण्डलीलाई ध्वस्त पार्नु नै उनीहरूको लक्ष्य हुन्छ । वाइवलका वचनहरूलाई तोडमोड गरेर कुनै गुरुले प्रतिपादन गरेका सिद्धान्तमा गुरु केन्द्रित शिक्षाहरू सम्प्रेशण गर्छन । जस्तै :

- मोर्मन (Mormon) ले याकुव १:५ पदलाई उद्धरण गर्दै पिता र पुत्र दुवैजना शरीरमा महिमित हुनुभयो भनेर सिकाउँछन् ।
- Church of Christ ले मत्ती ६:९ पदको व्याख्या गर्दै हाम्रा पितामाता परमेश्वर सबै समान हुनुहुन्छ भनेर सिकाउँछन ।
- यहोवाको साक्षी ले यूहन्ना १:१ लाई उद्धरण गर्दै येशू पितासँग न त समान हुनुहुन्थ्यो, न त अन्नतदेखि नै हुनुहुन्थ्यो भनेर सिकाउँछन् ।

यी त केही उदाहरणहरू मात्र हुन । सम्भवत: पहिलो झुटो शिक्षा प्रज्ञानवाद, (Gnosticism) र हालसाल नेपालमा मौलाउदै गरेको “सच्चाई” ले पनि वाइवलकै हवाला दिन्छन् । वाइवलकै हवाला दिदै कोही दोस्रो खीष्टको रुपमा, कोही आफै पवित्रआत्मा, कोही परमेश्वरी माता, कोही येशूको आमा, कोही-कोही अझ आफ्नो मण्डलीमा मात्र उद्धार छ भन्दै विश्वासीहरू भड्काउदै आ-आफ्नो दुनो सोझयाउन आउनेहरू धेरै छन् । अझै कतिपयहरूले वाइवल धर्मशास्त्रको अख्तियारीलाई चुनौती दिदै नयाँ दर्शन पाएको भन्दै पुरक धर्मशास्त्र लेख्छन् । अनि केहीले वाइवलमा लेखिएका सबै ठीक छैनन् भन्दै आफै पनि सच्याउछन् । यी सबै कुराहरू डरलाग्दा भूलहरू हुन जो हुन आउने नै छ भनेर पवित्र वाइवलमा लेखिएको छ । हामीले अचम्म मान्नु पर्ने कारण म देख्दिन । तिनीहरूका कामको परिणाम पनि धर्मशास्त्रमा प्रकाशको पुस्तक २२:१८-१९ पदहरूमा स्पष्टरुपमा लेखिएको छ ।

**उपसंहार**

केवल वाइवल मात्र परमेश्वरको वचन हो । यो स्पष्ट छ र हाम्रो मुक्ति अनि परमेश्वरमा भरोषा राख्नका लागि प्रयाप्त छ । वाइवल परमेश्वरको सुसमाचार जान्नका लागि, आत्मिक जीवन कायम राख्नका लागि र परमेश्वरको इच्छा जान्नलाई यो आवश्यक छ । हामीले केवल वाइवल मात्र परमेश्वरको वचन हो भनेर जान्ने मात्र नभइ जीवन र पुलपिटबाट समग्र धर्मशास्त्र नै प्रचार गरिनु पर्दछ । हामी केवल अनुभव, सपना तथा दर्शन इत्यादीमा निर्भर नरहेर आफू तथा विश्वासीहरूलाई मनपर्ने वचनहरू मात्र छानि-छानि प्रचार नगरेर सम्पूर्ण वचन नै प्रचार गर्नुपर्छ । वाइवलका सम्पूर्ण वचनहरू उहाँका वचन हुन । उहाँको वचनले मात्र मण्डलीलाई रुपान्तरण गर्दछ कनिकि मण्डली उहाँकै वचनले नै स्थापना भएको हो । परमेश्वरले आफ्नो वचन आज हाम्रै भाषामा दिनुभएको छ । उहाँ आज हाम्रा आफ्नै भाषामा हामीसँग बोलिरहनुएको छ । पवित्रआत्माको प्रेरणामा उहाँका रहस्यमय कुराहरू हामीलाई आज पनि प्रकट गरिरहनुभएको छ । तर वाइवल धर्मशास्त्र हजारौं वर्ष अगाडि अरू नै सामाजिक परिवेश, सांस्कृतिक सन्दर्भमा लेखिएकोले कतिपय कुराहरू हामीलाई वुझ्न गाह्रो हुन्छ । जस्तै पत्रुसले २ पत्रुस ३:१६ मा यसरी लेख्छन् :

उनका (पवलका) सबै पत्रहरूमा पनि उनले यी कुराहरूको उल्लेख गरेका छन् । तिनमा कुनै-कुनै कुराहरू बुझ्न कठिन छन्, र अशिक्षित र चञ्चल मानिसहरूले यी कुराहरूलाई अरू धर्मशास्त्रहरूलाई जस्तै उल्टापाल्टा पार्छन्, र आफ्नै विनाश तुल्याउँछन् ।”

यस्तो अवस्थामा हामीले आफूलाई नम्र तुल्याउदै वुझ्ने कोशिस गर्नुपर्छ । हाल धर्मशास्त्र सम्बन्धी धेरै राम्रा पुस्तकहरू वजारमा उपलव्ध छन् । वाइवल टिप्पणीहरू, शव्दकोष, ईसाई विश्वास यात्राका ऐतिहासिक दस्तावेजहरू जस्तै विश्वासको सार, धार्मिक प्रश्नोत्तर इत्यादीको अध्ययन गर्ने वानि वसाल्नु पर्दछ । अगुवाहरूले आफू पनि समसमायिक हुदै मण्डलीमा धर्मशास्त्रिय सिद्धान्तका कक्षाहरू संचालन गर्ने गनु पर्छ । अझै वरदान भएका मण्डलीका सदस्यहरूलाई धर्म सिद्धान्त अध्ययनका लागि प्रेरित गर्ने गर्नु पर्दछ । साथै स्वतन्त्र मण्डली हुनु राम्रै भए तापनि कुनै प्रोटेस्टेन्ट सम्प्रदायमा मण्डलीलाई आवद्ध गरेर पनि हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न सकिन्छ । किनकि एउटा विश्वासको समुदाय (Faith Community) मा आवद्ध भएपछि त्यस समुदायप्रति उत्तरदायी हुनुपर्ने जिम्मेवारी पनि हुन्छन् । सम्प्रदायहरू मण्डली शुद्धिकरण र सुव्यवस्थीत संचालनका लागि नै उदय भएका छन् ।

अन्त्यमा, यो लेखले झुटा शिक्षहरूसँग कसरी वहस गर्ने नभएर साँचो परमेश्वरको वचनको प्रकाशले मात्र सबै अन्धकार र अन्यौलहरूलाई चिर्दै मण्डली रुपान्तरणका लागि एक कदम अगाडि बढ्न सहयोग पुग्ने छ भन्ने आशा गर्दछु । यो कथन मलाई मनपर्छ: “साँचो शिक्षा अर्थहिन वहसमा होइन, कसैलाई हराउन पनि होइन तर मानिसहरूलाई खीष्टमा जीत्नु हो ।”

**Resource:** Grudem, Wyne. **Systematic Theology**
Grand Rapids: Zondervan, 1994.

# Christian Cults in Nepal



- Menuka Mishra

**Introduction**

The history of Christianity in Nepal is just sixty plus years but Nepal is also known as one of the fastest growing churches in the world (Rajendra Rongong's Early Churches in Nepal…, 59). Likewise, in Nepal, the Christian cults and their teaching are also growing rapidly and became one of the biggest problems among the Nepali local churches in this twenty-first century. Probably, the reasons behind the spreading and flourishing of the cults would be the lack of knowledge regarding the early Church Creedal Statements and the Reformed Doctrinal Standards. Thus, the purpose of this article is to urge and approach the Nepali local church pastors, elders, and leaders to understand the importance of the Church Creedal Statements and the Reformed Doctrinal Standards to adopt in order to fight against the cults and their teachings. Firstly, this article will help Nepali local churches to understand the biblical perspective of Jesus' and apostolic teaching against the false prophets and Christs which is presently known as cults or false teachers; secondly the article will help to recognize the seven marks of cults or false teachers and their teachings; thirdly, the article has given the biblically based tools to guard the local congregation against the cults or false teachers and their teaching. Finally, the article will conclude with the brief summaries with suggestions to the Nepali local pastors, elders and leaders. Due to the lack of authentic resources this article will be using limited resources because there are only few pieces of research and studies had done in this particular field in Nepal.

**Biblical Perspectives Against the cults**

Since from the early Christianity, the cults or false teachers were active in the local churches with their false claims to deceive the believer (elect) from their genuine faith in Jesus Christ. Jesus has warned in advance to his follower regarding upcoming false prophets and false Christs and their claims in Matthew and Mark,

Beware of the false prophets, who come to you in sheep's clothing, but inwardly are ravenous wolves. You will know them by their fruits. Grapes are not gathered from thorn bushes, nor figs from thistles, are they? …So then, you will know them by their fruits. Not everyone who says to Me 'Lord Lord,' will enter the kingdom of heaven; but he who does the will of My Father who is in heaven. Many will say to Me on that day, 'Lord, Lord, did we not prophecy in Your name, and in Your name cast out demons, and in Your name perform many miracles?' And then I will declare to them, 'I never knew you; DEPART FROM ME, YOU WHO PRACTICE LAWLESSNESS (Matt. 7:15-23 NASB).

Many will come in My name, saying, 'I am He!' and will mislead many…And then if anyone says to you, 'Behold, here is the Christ'; or, 'Behold, He is there'; do not believe him; for false Christs and false prophets will arise, and will show signs and wonders, in order, if possible, to lead the elect astray. "But take heed; behold, I have told you everything in advance (Mark 13: 6, 21-23 NASB).

According to Matthew and Mark, which are mentioned above, Jesus has given the strong

instructions and warnings to his followers concerning the upcoming false prophets and false Christs (also known as cult/s and false teacher/s). Their characters are shown clearly by Jesus Christ. They are as follows: Cults or false teachers love to become a prophet, exorcist, and miracle workers in order to fulfill their own selfish desires and precisely to deceive elect from their faith in Jesus Christ. They tried to keep themselves in the same position as Christ. Actually, they come externally in the sheep's clothing but they are internally wild wolves. Jesus considered them as false prophets and false Christs (i.e. cult/s or false teacher/s) who practice lawlessness. Jesus' followers through their fruits will recognize them gradually.

Likewise, the apostles were also aware of such false apostles and warned the believers in Christ. Specifically, the apostle Paul warned the Corinthian's believers:

For such men are false apostles, deceitful workers, disguising themselves as apostles of Christ. And no wonder, for even Satan disguises himself as an angel of light. Therefore it is not surprising if his servants also disguise themselves as servants of righteousness, whose end shall be according to their deeds (II Cor. 11:13-15 NASB).

The Apostle Paul claimed that false apostles are disguising themselves as apostles of Christ and as servants of righteousness through boasting in their own deceitful speeches and earning their living by burdening the believers financially. Most of the false apostles (wondering philosophers) were boasting in their self-exalted speeches and interpretations rather than in the true knowledge of Christ and His mission from the apostolic teachings. They tried to exalt themselves rather than Christ. Therefore, the apostle Paul said that their end would be according to their deeds.

Similarly, the Christian cult/s and false teacher/s and their teachings are still active in the twenty-first century local churches nationally and internationally. Unfortunately, Nepali churches are also encountering with such cults or false teachers and their false claims. Next, section will help to understand the connotation of the word cult/s or false teacher/s, to identify the active cult/s or false teacher/s in Nepal and their common marks to recognize them and their activities within our local congregation.

**How to Recognize the Cults**

For the Christians, a cult/cults or a false teacher/teachers can be defined as a person or groups who do not believe or recognize the nature of Jesus Christ as a divine and human, and most of them deny the doctrine of Trinity. According to Charles S. Barden "a cult is a religious group which differs significantly in one or more respects as to belief or practice, from those religious group which are regarded as the normative expression of religion in our total culture" (Braden 1949, xii) and Walter R. Martin has added one more characteristic "a cult might be also defined as a group of people gathered about a specific person or person's misinterpretation of the Bible" (Martin 1985, 11). Specifically, they follow the revelation or interpretation of the scripture of their founder spiritual leaders of that particular cults or sects. For instance, in Nepal following cults are very active at present:

1. Jehovah's Witnesses are the followers of Charles T. Russell and J. F. Rutherford's interpretations and teaching of the Bible.
2. Ahn Sahng-hong or Church of God (group) is the followers of Ahn Sang-hong's interpretations and teachings of the Bible.
3. Sachchai Kendra is the followers of Mr. Praksah Gaire's and Mrs. Susilla Gaire's interpretations and teachings of the Bible.
4. Hyper Grace and Papa Preacher (ugra anughrawad –papa pracharak) are a follower of Mr. Samuel Tamang's interpretations and teachings of the Bible.
5. Manmin Central Church is the followers of Pastor Jaerock Lee's interpretations and teachings of the Bible.
6. Mormons are the followers of Joseph Smith and Brigham Young's interpretations and teachings of the Bible.
7. The Unification Church is the followers of Sun Myung Moon's (Moonies) interpretations and teachings of the Bible.

According to Pat Robertson, "practically every cult

has certain characteristics that can tell the careful observer that something is wrong." Therefore, it is easy to recognize the cults or false teachers in your congregation by asking them a simple question: How do they define Jesus Christ? Precisely, the question about the nature of Jesus Christ and salvation.

Tal Davis and Robertson have given seven important marks of the cults or false teachers in order to recognize them in our congregation: Firstly, the cults or false teachers and their groups "claim to be biblically- based, Christian organization" and their church centered on Christ and His teaching (Davis 2016, 1). Secondly, they deny or redefine the most important core doctrines of Christians, such as the doctrine of the nature of Jesus Christ, Trinity, and Salvation. Thirdly, they "claim to be led by divinely inspired leaders" and often their followers believe that their leaders are capable of receiving direct revelation from God or have a special understanding from the Bible and they usually misinterpret it (Davis 2016, 2). They will put their leaders in the same position as Christ. Such as they will put something else on an equal footing with Christ. It will have a ritual that is equal to Christ, or it will have a leader who is equal to Christ. In another word, even if it acknowledges Christ as Savior, it will say that you need something else before you get into heaven. Cults teach that salvation comes through Christ, plus their little unique way. Some cults do not acknowledge Christ at all. They may make Him equal with their religious teachers or with certain great men of history. The quickest way to recognize a cult is by its treatment of Jesus (Robertson 2019, 1).

Fourthly, they claim their church is "the only true church in the world" and salvation is only attended by being the active member of that particular church (Davis 2016, 2). They "frequently attempt to instill fear into their followers. The followers are taught constantly that salvation comes only through the cult." They warned their followers by saying, "If you leave us, you will lose your salvation" (Robertson 2019, 1). Fifthly, they exalt themselves more than Jesus Christ and they manipulate their followers even to die for them or with them. "Cults often center around a man or woman who is trying to gain power, money, or influence from manipulating people." Sixthly, cults or false teachers are brainwashers. They make their followers just like robot to follow them blindly because they "perpetuate spiritual dependence so that their followers lose the ability to make independent, rational decisions" (Robertson, 2019). And finally, they "claim to posses a new and inspired written scripture that supplements or supersedes the authority of the Bible" (Davis 2016, 2).

**Guard Your Congregation from Cults**

This above seven marks of the cults or false teachers gives pastors, elders and leaders of the local churches of Nepal to go back to the early Church Creedal Statement (church symbols) the "official, clear statements and explanations of biblical belief" produced by early church fathers and the church Ecumenical Councils to guard their congregation from such cults or false teachers timelessly (Beeke 2013, 243). Specifically, the Apostles' Creed - it was written against the error of Gnosticism which denied God as the almighty Father and Christ as His only Son; the Nicene Creed – against error of Arius teachings who denied Jesus' divine nature because he was promoting the view that God consisted of only one Person; and the Athanasius Creed – gives clear teaching regarding the Trinity in order to fight against the cult/s or false teacher/s and their false claims (misinterpretation of the scripture). And the Reformed Doctrinal Standard, which are the official statements and explanations of various scriptural doctrines written in the form of a confession (i.e. Belgic and Westminster Confession of Faith), catechism (i.e. Heidelberg Catechism and Westminster Catechism –questions and answers format), and canons (i.e. Canons of Dordt).

According to Beeke, the Church Creedal Statement was written for three practical purposes: to confess the truth together in the worship service, to instruct the truth to the baptized believers from the Scripture, and to defend the truth from the heresy (cult/s or false teacher/s) and their misinterpretation of the Scripture because "God's Word is infallible, but man's interpretations of Scripture are not" (Beeke 2013, 243-244). Similarly, there are the biblical, church, and personal reasons to confess one of these creeds in our local church's worship services each week together with our congregations. He has clearly explained the three reasons as follows:

Biblical reasons - to continually remind the believers

of the Christian dogmas, the core biblical doctrines; Church reason - to maintain unity of confession of faith with the Christian church of all ages; and personal reasons - to repeatedly focus upon that which is necessary to personally and experientially believe in order to be saved" (Beeke 2013, 252).

Therefore, the role of pastors, elders and leaders of Nepali local congregations are to focus now on these above three purposes and reasons to give preference to recite and teach the creedal statements (church symbols) in your congregation to fight against and guard your local church from the hands of cult/s or false teacher/s and their interpretation of the Scripture against the core doctrines of the Christians. However, the reasons behind the flourishing of the cult/s and false teacher/s in our local congregation in Nepal might be the lack of qualified pastors and leaders who has the understanding of the early Church Creedal Statements and the Reformed Doctrinal Standard. Therefore, this article would like to approach all the Nepali pastors, elders, and leaders to train and develop your education in this particular areas to protect your local churches from the false claims and teachings of cults and false teachers.

**Conclusion**

This article has provided firstly, the biblical perspective of false prophets and false Christs (presently called as cult/s or false teacher/s) according to Jesus and apostolic teachings from the gospel of Matthew and Mark. Jesus and apostle Paul showed the true character of them because they love to become a prophet, an apostle, an exorcist, and a miracle worker in order to deceive the followers of Jesus Christ from their faith. Thus, Jesus and apostle Paul warned the believers in advance not to follow and deceive by them. Secondly, this article provided the seven marks to recognize as a Christian cult/s or false teacher/s in your local congregation according to Davis and Robertson. Thirdly, this article has approached to go back to early Church Creedal Statement (church symbols) and Reformed Doctrinal Standard which was written with three purposes and reasons in-order to guard the local congregations and to fight against false claims and teaching of cult/s or false teacher/s regarding the core doctrines of the Christians from the Bible.

Therefore, it is a high time for a pastors, elders, and leaders of Nepal's local churches to guard their believers by teaching them the core doctrine of the Bible through the help of early Church Creedal Statements which was, is, will be confessed by all the Christian churches and the Reformed Doctrinal Standard which was, is, will be confessed by various church denominations. Now, some of the Church Creedal Statements and the Reformed Doctrinal Standard are available in the Nepali language. Therefore, these two biblical resources would be useful tools to guard and to fight against the cults or false teachers and their teachings.

**References**


Braden, Charles Samuel. 1949. "Preface." These also Believe: A Study of Modern American Cults

and Minority Religious Movements. New York: The MacMillan Company. Quoted in Walter K. Martin, The Christian and the Cults: How to Deal with the Cults (Grand Rapids:

Zondervan Publishing House, 1956).

Beeke, James W. 2013. Bible Doctrine: For Teens and Young Adults. Vol. 1. Grand Rapids:

Reformation Heritage Books.

CBN. 2019. "Understanding Cults." Christian Broadcasting Network. Accessed on March 21,

2019. https://www1.cbn.com/understanding-cults.

Davis, Tal. 2016. "Cults Sect Overview." Namb.net. Last Modified on March 30. Accessed on

March 20, 2019. https://www.namb.net/apologetics-blog/cult-sect-overview/.

Martin, Walter K. 1956. The Christian and the Cults: How to Deal with the Cults. Grand Rapids:

Zondervan Publishing House.

________. 1985 The Kingdom of the Cults. Rev. ed. Minneapolis: Bethany House Publishers.

Robertson, Pat. 2019. "How Do I Recognize a Cult?." Christian Broadcasting Network. Accessed

on March 20, 2019. https://www.cbn.com/questions/church-or-cult.

Rongong, Rajendra K. Early Churches in Nepal: An Indigenous Movement, Till 1990. Kathmandu:

Ekta Books Distributors, 2012.

Sinah, Ashiah. 2012. An Introduction to Cults Teaching. 2nd ed. Kathmandu: Bardan Publication.

# के बम बहादुरले बाइबल साच्चै बुझ्यो त ?



- युविन (बिनोद राई)

उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा एक रात बम बहादुर राईले सपनामा दुई स्त्री उसको वरिपरि नाचेको देख्यो । त्यसै बीचमा कोही सेतो वस्त्र पहिरेको व्यक्ति देखा परेर भन्यो, “यो कुरालाई तिमी स्वीकार गर, तिम्रो करङ (उत्पति २:२२) एउटा होइन दुईवटा निकालिएको छ । तिम्रा श्रीमतीहरू दुईजना हुनेछन्।”बम बहादुर सपनाबाट बिउँझियो । छेउमा सुतिरहेकी श्रीमतीलाई हेर्दै मन मनै भन्यो, “के यो साँच्चै हो त ?” बम बहादुर आफ्नै परिभाषा र बुझाइका लागी परमेश्वरको इच्छा खोजी गर्ने व्यक्ति थियो । उसलाई बाइबलको भन्दा पनि सपना अनि दर्शनको बढी भर लाग्थ्यो । उसको मान्यता यो छ कि बाइबल मान्छेले लेखेको पुस्तक हो जहाँ त्रुटि पनि हुन सक्छ तर सपना, दर्शन अनि अगमवाणी सिधै परमेश्वरबाट आउँछ, जहाँ कुनै त्रुटि हुदैन । त्यसैले उसलाई बाइबलको भन्दा पनि सपनाको बढी भर लाग्थ्यो। त्यस रात उसले सपनामा आफूसँग दुई श्रीमती भएको देख्यो जसको पुष्टि सेतो वस्त्र पहिरेको व्यक्तिले गरेको थियो । के साँच्चै यो परमेश्वरको योजना हो त ? त्यही बखत उसले प्रार्थना गर्यो, “हे परमेश्वर तपाइको इच्छा बुझ्न सकुँ ।”

नभन्दै त्यसकै भोलिपल्ट उसको छिमेकमा एक जना करिब २२ वर्षकी गहुँगोरो वर्णकी केटी आई। तिनको नाक चाहिँ नेप्टो र अनुहार हँसिलो थियो । उनी नायुमा दिदीको माइती गाउँको केटी थिइन् । उनको नाम नुना राई थियो, जो सौतेनी आमाको दुर्व्यवहार सहन नसकेर नायुमा दिदी कहाँ बस्न आएकी थिइन् । उनको पिडा थाहा पाएर बम बहादुरले पनि सहानुभूति प्रकट गर्यो । नुनालाई पनि बम बहादुरको सान्त्वना दिने तरिका मन पर्यो । चाडै नै उनीहरू नजिकिए, केहि ठाउँहरूमा घुम्न गए, सँगै बसे, मीठा मीठा कुराहरु गरे, हात समाए अनि मुटुहरूले पनि एक अर्कालाई पक्रिहाल्यो । ल ! अब त छुट्नै नसकिने भो अनि मात्र बल्ल बम बहादुरलाई आफू विवाहित हुँ भन्ने याद आयो । घरमा गएर श्रीमतीको अनुहार हेर्यो । आफैलाई सम्झायो, “म एक ख्रिष्टियन हुँ, बहुविवाह गर्नु हुन्न, बाइबलले यो कुरा मान्दैन ।” झल्याँस्स त्यहि बेला उसले त्यहि केहि समय अघि देखेको सपना सम्झियो। दुई स्त्री उसको वरिपरि नाचेको। सेतो वस्त्र पहिरिनेले भनेको कुरा । एक छिन घोरियो । परमेश्वर अचम्म तरिकाले काम गर्नु हुन्छ । बाइबल भन्दा दर्शन ठुलो हो । उसले सपनाको अर्थ अनि परमेश्वरको इच्छा बल्ल बुझ्यो । “साँच्चि नै, मेरो दुईवटा करङ निकालिएको रहेछ ।” यहि निष्कर्ष निकाल्यो, अनि नुनासँग बिहे गर्ने निर्णय बम बहादुरले आफ्नो श्रीमतीलाई सुनायो । एकलकाँटे बम बहादुरको निर्णय कसैले पनि परिवर्तन गर्न सक्दैन थियो ।

श्रीमतीको मनमा छुरा घोपेको जस्तै भयो । उसलाई सहि नसक्नु भयो । तर आफूले सानोमा सौतेनी आमाको अपहेलना खेपेको, आउने सौता पनि सौतेनी आमाबाट नै तिरस्कृत भएकि, कथा एउटै थियो । उनलाई नुनाप्रति रिस पनि उठ्यो, माया पनि लाग्यो । ठिकै छ, बिचरी, पाओस् बम बहादुरको माया त्यसले पनि । यसरी आफ्नो चित्त बुझाएर दोधारैमा मन्जुरी दिइन् । बम बहादुरले यो कुरा मण्डलीमा राख्यो, मण्डलीले बहुविवाहलाई स्वीकार्ने कुरै भएन, बरु त्यसो नगर्न अनि विवाहको करारमा प्रतिबद्ध हुन सुझाव दियो । दुईवटा विवाह गर्नु परमेश्वरको इच्छा थियो । उसले यो कुरा सपनामा देखेको थियो । त्यसैले परमेश्वरको इच्छा पुरा गर्न आफैले विवाह गर्ने निर्णय गर्यो। बाइबलले पनि भनेकै छ, “जहाँ दुई वा तीनजना मेरो नाममा भेला हुन्छौं, त्यहाँ म उपस्थित हुनेछु ।” त्यसैले श्रीमती र उ आफ्नै साक्षीमा अनि कल्पनाको परमेश्वरको उपस्थितिमा आफै करार बाँधेर उसले दोस्रो विवाह गर्यो । यो कुरा थाहा पाएर मण्डलीले उसलाई बहिष्कार गर्यो र उसले मण्डलीलाई । त्यसपछि बम बहादुर मण्डली गएन ।

केही समय पछि उसको गाउँले साथी गोपाल उसलाई भेट्न गाईघाट आयो । गोपाल ओम नन्द (स्वर्गीय मार्ग संस्था) मा लागेको रहेछ । ओम नन्दको गुरु भक्त राई अर्थात् मास्टर गड एन्जलको खुब चर्चा गर्यो : "उहाँ चट्याङ झार्ने, हावा चलाउंने, विशाल बराह पोखरीबीचको पानीमाथि उभिएर ५ घण्टा एक्चालिस मिनेटसम्म धारा प्रवाह प्रवचन दिने जस्ता चमत्कारिक कार्यहरु गर्न सक्नु हुन्छ ।"

बम बहादुर नाक खुम्च्याउँदै, "ए, त्यो हाम्रै गाउँको भक्ते राई, श्री जय बहादुरको छोरा, त्यो त सिक्किममा गएर एलसट्डाइ भएको थियो रे अनि प्रभुलाई छोडेर आफै प्रभु हुँदैछ रे ।"

गोपाल, "प्रभु बन्न खोज्नु भएको होइन, परमेश्वर परमात्माले उहाँलाई आफ्नो दूत नियुक्त गर्नु भएको हो । उहाँले यो कुरा दर्शनमा पाउनु भएको हो । हामी राईहरूलाई स्वर्गमा लग्नु हुने उहाँ नै हुनु हुन्छ । त्यति मात्र होइन उहाँले त सारा विश्वलाई नै स्वर्गमा लग्नु हुन्छ किनकी परमात्माले नै उहाँलाई यो कामको लागि चुन्नु भएको छ। उहाँ प्रेम, आदर र एकतालाई प्राथमिकता दिनु हुन्छ । खोइ त तिमीलाई तिम्रो मण्डलीले प्रेम गरेको, तिम्रो निर्णयलाई आदर गरेको । तिमीले एउटा दुखी केटीलाई सहारा त दिएका थियौ नि, होइन र ? तर तिम्रो भलाइको बदला उनीहरूले तिमीलाई लत्याए । बाइबल पढ्नेहरु यस्ता हुन्छन् र ? बाइबल त हामी पनि पढ्छौं क्यारे । हामी पनि त्यसलाई मान्छौं क्यारे !"

बम बहादुर अझै पनि जातिवादी थियो । झन् भक्त राईले सपनामै परमेश्वरको बोलावट पाएको अनि अझै बाइबललाई आफ्नो शिक्षाको आधार मानेको थाहा पाउँदा फुरुंग भयो । उसले पनि त सपनामै देखेको थियो नि आफ्नो दुईवटा करङको बारेमा । भक्त राई र उ एउटै धारमा थिए । उत्सुकता बढ्यो र अझ बुझ्न खोज्यो ।

गोपाल, "हामी राई जातिलाई बचाउने उहाँ नै हुनु हुन्छ । हेर आजकाल गाउँमा सबैले गुरुको पछि लागेर जाड रक्सी पिउन छाडी सके । जनावरको मारकाट पनि छोडी सके । गुरुले भन्नु हुन्छ आफ्नो आत्मा खोल अनि तिमी स्वर्गको ढोका खोल्ने छौ । बम, यो स्वर्गीय मार्ग प्रेमवाद हो । यहाँ प्रेम र आदर हुन्छ । हेर तिमीले आफ्नो आत्मा खोल्यौ अनि त्यो बेसहारा केटीलाई सहारा दियौ । तिमी अगि देखि नै प्रेमवादमा छौ अनि गुरुको पाउमा मात्र तिम्रो काम स्वीकार योग्य छ । अब जय प्रेम भन अनि प्रेमवादमा आउ ।"

कुरा ठिकै हो, बम बहादुरको चित्त बुझ्यो । राई राईकै माध्यमद्वारा स्वर्ग जान पाउने । येशुले पनि त पहिले पहिले म इस्राएलको लागि मात्र आएँ भन्नु भयो । आज उसलाई थाहा भयो जसरी येशु इस्राएलको लागि आउनु भयो त्यसरी नै राईको लागि भक्त राई आउनु भएको रहेछ । यहाँ पनि बाइबलको कुरा हुन्छ । दर्शनलाई जोड दिइन्छ । प्रेम, आदर अनि एकतालाई जोड दिइन्छ जुन कुरा आजको लथालिङ्ग संसारमा शक्त आवश्यक छ ।

"परमेश्वरलाई प्रेम गर्नेहरुको प्राथमिकता भनेको एक अर्कालाई प्रेम गर्नु हो । परमेश्वरको पवित्रजन गुरु गड एन्जल (भक्त राई) ले यो प्रेमको सन्देशलाई बुझ्नु भएको रहेछ । मैले दुईवटा श्रीमती विवाह गरेको होइन बरु दुईजना बेसहारा स्त्रीहरूलाई सहारा दिएको हुँ, माया दिएको हुँ । म प्रेमी मान्छेले प्रेमवादलाई नै पछ्याएर स्वर्गीय मार्गमा हिँड्नु ठिक हुन्छ । बाइबल पनि प्रेमकै पक्षमा छ । मैले कुरा बुझेँ अब, मैले कुरा बुझेँ । त्यसैले अब जय मसिह होइन जय प्रेम, जय प्रेम ।" बम बहादुरले जोसका साथ यी कुराहरु भन्यो, गोपाल उसको छेउमा बसेर मुसुमुसु हाँसी रहयो । बल्ल बम बहादुरले बाइबल बुझ्यो । बधाई छ ।

(यो कथा एउटा खीष्टियन कसरी झुटा शिक्षामा पुग्छ भन्ने प्रसङ्गमा लेखिएको हो । यस कथामा बम बहादुरले बाइबलिय ठोस सत्यतालाई भन्दा पनि आफ्नो विचारहरूलाई प्राथमिकता दिएको छ । जातीयताको भावनाबाट बाइबललाई नियालेको छ र झुटा शिक्षामा पुगेको छ । दर्शन देख्नु बेठीक होइन तर सबै दर्शन र सपनाका कुराहरू परमेश्वरबाट मात्र आउँदैनन् । दुष्टबाट पनि आउँछ र कहिले काहीं सपना सपना मात्र पनि हुन सक्छ । बम बहादुरले सपनाका बारेमा राम्रोसँग बुझ्न सकेन । अनि हठी भएर वाइवलिय सत्यता खोज्ने कोसिस गरेन । अन्तमा उ दुष्टको दूत हुन पुग्यो । हामी पनि बम बहादुरको गल्तीलाई नदोहोर्‍याउँ र यस्तै बमपथमा नचलौं ।)

# प्राचीन मण्डली र झुटो शिक्षा



- सन्तोष कुमाल

खीष्टिय मण्डलीको आरम्भदेखि वर्तमान समयसम्म मण्डलीहरू प्रत्यक्ष वा अप्रत्यक्ष, पूर्ण वा आंशिक, ज्ञात/अज्ञात झुटो शिक्षाको प्रभावमा परिरहेका छन् । शायद विरलै होलान् झुटो शिक्षाबाट प्रभावित नभएका मण्डलीहरू । अगुवाहरू पनि विरलै होलान् यसबाट प्रभावित र जानकार नभएका । यसर्थ यहाँ प्रश्न उठ्छ कि किन यसको दीर्घकालीन निराकरण हुन सकेको छैन ? मण्डली कहाँ चुकिरहेको छ ? झुटो शिक्षाको मूल जड कहाँ गाडिएको छ ? मण्डलीले यसबाट अलग रहन कस्तो भूमिका निर्वाह गरिरहेको छ ? जस्ता सवालहरू आज हाम्रा मानस पटलमा उठ्नु स्वाभाविक नै हो ।

झुटो शिक्षाको सर्न्दभमा येशू आफैले पनि स्पष्ट धारणा राख्नु भएको छ । अन्त्यका दिनका चिन्हहरूको बिषयमा सिकाउँदा येशुले भन्नुभयो "होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस् किनभने धेरै जना मेरो नाउँमा 'म खीष्ट हुँ' भन्दै आउनेछन्, र धेरैलाई बहकाउने छन्" (मत्ती २४:४-५) । यसर्थ अग्रिम चेतावनी बाइबलले दिईसकेको कारण झुटो शिक्षाको बारेमा पुनः चर्चा परिचर्चा गर्दा यो बिषय शायद कमै व्यक्तिको मात्र चासो वा रुचिको विषय हुनसक्छ । मण्डलीले पनि यसको गम्भीरतालाई सहजरुपमै लिएको हुनसक्छ तर यो जति सरल देखिन्छ उत्तिकै जटिल र गम्भीर समस्याको रुपमा मण्डलीमा प्रवेश गरेको पाईन्छ । झुटो शिक्षाले मण्डलीको सुन्दरता, पवित्रता, धार्मिकता, एकता, सद्भाव, भातृप्रेम जस्ता उच्च चरित्रमा नै कलंक लगाई दिएको छ । अझ नेपालको सन्दर्भमा हेर्दा, मण्डलीमा विभिन्न प्रकारका प्रलोभनहरू देखाई खीष्टको बदनाम, सामाजिक अन्यौलता, धार्मिक विसंगति, आपसी घृणा जस्ता सामाजिक सद्भावलाई नै खल्बल्याउने विकृत तत्वको रुपमा यसको वृद्धि र विस्तार भईरहेको पाईन्छ । धार्मिक सहिष्णुताको अभ्यासमाथि नै आशंका पैदा गरिदिएको छ ।

झुटो शिक्षाको प्रभावमा केवल खीष्टिय मण्डलीहरू मात्र नपरेर सिंगो राष्ट्र नेपाललाई नेतृत्व प्रदान गर्ने, नेतृत्व वर्ग साथै वौद्धिक जमात पनि यसको दुष्चक्रबाट अलग हुनसकेन । यसकारण यस्तो भ्रमात्मक शिक्षाको अपवित्र प्रभावको बिचमा पनि खीष्टको दुलही (मण्डली) ले कसरी आफ्नो पवित्रता कायम गर्दै आफ्नो दुलहा (खीष्ट) को आगमन नहुन्जेल धैर्यता र दृढतासाथ निरन्तर विश्वासको कदम चाल्दै अगाडि बढ्न सक्छ भन्ने विषयमा सोच्नु आवश्यक देखिन्छ । यदि नेपाली खीष्टिय मण्डलीहरू यसको कु-प्रभावबाट सजक र सतर्क हुने हो भने, झुटो शिक्षाको मण्डलीमा प्रवेश हुने कारणहरूको ज्ञान हुन जरुरी छ । साथै मण्डलीले खेल्नु पर्ने भूमिका पनि अपरिहार्य नै छ ।

## झुटो शिक्षा प्रवेश हुनुका कारणहरू:

१. प्रभु येशूको शिक्षालाई चेलाहरूले पनि लामो समयसम्म बुझ्न सकेका थिएनन् (लुका १८:३१-३४) र धेरै जसो धर्मशास्त्रिय सत्यताहरूको पूर्णरुपमा व्यख्या नभइसकेको अवस्थाको कारणले ।

२. खराब कामबाट प्राप्त हुने लाभको कारण असत्य कुरालाई मन पराउने व्यक्ति वा समूह (२ पत्रुस २:१५) ।

३. पवित्र आज्ञा जानीकन पनि पछि हट्नु वा असत्यकै पछि लाग्नुछ (२ पत्रुस २:२१) ।

४. अपोस्टोलिक पिताहरू (Apostolic Fathers) ले लेखेका पुस्तकहरूमा बाइबलको सत्यतालाई अझै

गहिरिएर र सुक्ष्म अवलोकन गरी लेखेका थिएनन् ।

५. अपोस्टोलिक पिताहरू (Apostolic Fathers) का खीष्टियन धारणा अति नै सरल थिए ।

६. येशू खीष्ट केवल एक सत्य परमेश्वरको ज्ञानलाई प्रकट गर्ने एक उच्च नियम र कडा नैतिकताको उद्घोषण गर्ने व्यक्तिको रूपमा विचार गरिएको थियो । जो अपूर्ण शिक्षाको रुपमा मण्डलीमा प्रवेश भयो ।

७. जब खीष्टियनहरूलाई मूर्तिपूजकहरूद्वारा आक्रमण र सतावट भयो, तिनीहरूले खीष्टियनहरूको शिक्षालाई गलत बनाएर सुनाए र मण्डलीलाई स्विकार गर्न करै लाग्यो ।

८. सेल्सस् (Celsus) भन्ने व्यक्ति एक मूर्तिपूजक थिए । उनी खीष्टियन शिक्षासँग पनि राम्ररी परिचित थिए जसले खीष्टियन विरूद्ध "एक साँचो वार्तालाप" (A True Discourse, in 177 A.D.) भन्ने पुस्तक लेखे । जसले झुटो शिक्षा प्रवेश हुनलाई सहायता मिल्यो ।

९. येशू खीष्ट संसारमा मानिसको रूपमा कहिल्यै बास गर्नु भएन भन्ने समूह नोष्टिसिजम (Gnosticism) को शिक्षा गलत भए तापनि मण्डलीलाई थाहा नभएर यसले प्रवेश पायो ।

१०. येशूले प्रतिज्ञा गर्नु भएको पवित्र आत्मा पेन्तिकोसको दिनमा पुरा भएको थिएन भनी गलत बुझ्ने समूह मोन्टानिजम (Montanism) को शिक्षाको प्रभावमा मण्डली भ्रममा पऱ्यो ।

११. मार्कोन (Marcion) जो नोस्टीक (Gnostic) झुटो शिक्षाको प्रचार गर्ने एक व्यक्ति थिए, जसले सामाजिक सेवाको नाउँमा लाखौं सम्पतिको सहयोग गरी झुटो शिक्षा नोस्टिसिजम (Gnosticism) लाई फैलाएका थिए र धेरै अनुयायीहरू बनाउन सफल भएका थिए ।

१२. मण्डलीले येशू खीष्टको व्यक्तित्व (मानिस र परमेश्वर) भन्ने कुरा स्पष्टसँग बुझ्न सकेको थिएन, जसको कारण झुटो शिक्षा एरियानिजम (Arianism) को सुरुवात भई मण्डलीमा प्रवेश भयो ।

## मण्डलीको भूमिका:

१. जब खीष्टियनहरूको बारेमा झुटो प्रचार गरियो तब खीष्टियन विश्वासलाई बलियो बनाउन जस्टीन मार्टर (Justin Martyr) ले एउटा प्रसिद्ध पुस्तक एपोलोजी (Apology) लेखे । जसले खीष्टियन विश्वासको जगलाई सुदृढ बनाउन सहायता गऱ्यो ।

२. जब सेल्सस (Celsus) भन्ने व्यक्तिको शिक्षाले ७० वर्षसम्म नकारात्मक प्रभाव पाऱ्यो, त्यसको प्रतिउत्तरमा ओरिगेन (Origen) मण्डलीका पिताले सेल्ससको विरोध "Against Celsus" भन्ने पुस्तक लेखी मण्डलीलाई सर्तकता अपनाउन सहायता पुऱ्याए ।

३. झुटो शिक्षक मार्कोन (Marcion) संगको प्रत्यक्ष भेटमा मण्डलीका पिता पोलिकार्प (Polycarp) ले "म जान्दछु तिमी शैतानबाट आएको पहिलो व्यक्तित्व हो" भनेर जवाफ दिएका थिए । यसरी झुटो शिक्षकलाई ठाडै इन्कार गरी निरुत्साहित गर्ने काम भएको थियो ।

४. मण्डलीका पिताहरू (Church Fathers) एक ठाउँमा भेला भई गहिरो अध्ययन, विचार- विमर्श तथा छलफल पश्चात्, खीष्टको व्यक्तित्वबारे ठीक निर्ष्कष निकाल्दै मण्डलीलाई सही शिक्षातर्फ डोऱ्याउन सहायता गरेका थिए । ती व्यक्तिहरू आईरेनिएस (Irenaeus), टर्टुलियन (Tertullian), रोमका क्लेमेन्ट र ओरिगेन (Clement of Rome and Origen) प्रमुख व्यक्तिहरू थिए ।

५. आईरेनियस (Irenaeus) मण्डलीका पिताले विशेष गरी खीष्ट केन्द्रित बाइबलीय शिक्षामा जोड दिएका थिए ।

६. टर्टुलियन (Tertullian) मण्डलीका पिताले येशू खीष्टको साँचो शिक्षाको बिषयमा सबैभन्दा स्पष्ट र संक्षिप्त धारणा व्यक्त गरी मण्डलीलाई सहायता पुऱ्याएका थिए ।

७. प्रेरितहरूको सार खीष्टियन विश्वासको साँचो शिक्षाको सार हो र सोहि आधारमा आज पनि झुटो समूहको पहिचान गर्न सजिलो भएको छ ।

८. झुटो समूहहरू नोस्टीक (Gnostic) र मोन्टानिस्ट (Montanist) सँग मण्डलीको विवाद हुँदा त्यस समयका मण्डलीले पवित्र धर्मशास्त्र बाइबललाई मात्र ठीक शिक्षाको आधार भएको स्वीकार गरेको थिए ।

९. विभिन्न मण्डलीका प्रतिनिधिहरुको प्रतिनिधित्व भएको काउन्सिल अफ कन्सटेन्टीनोपल (Council of Constantinople) ले, पवित्र आत्मा परमेश्वर हुनुहुन्छ भनी घोषणा गरी, त्रिएक परमेश्वरको शिक्षालाई पूर्णता प्रदान गरेको थियो । यस कार्यले खीष्टियन शिक्षा (Doctrine) को क्षेत्रमा स्पष्ट हुन ठूलो सहायता  मिलेको थियो ।

१०. विभिन्न मण्डलीका प्रतिनिधिहरू भएको काउन्सिल अफ चाल्सेडोन (The council of Chalcedon) ले येशूमा दुई स्वभाव (मानव र ईश्वरीय) छन् भनेर घोषणा गरी, दुवै स्वभाव एउटै व्यक्ति येशू खीष्टमा कुनै अन्यौलता विना रही आएका छन् भनी घोषणा गऱ्यो । यस शिक्षाले येशूको व्यक्तित्वलाई अझ स्पष्टसँग बुझ्न मण्डलीलाई सहायता मिल्यो ।

अतः मण्डली इतिहासलाई नियालेर हेर्दा झुटो शिक्षाको प्रभावलाई मण्डलीले पूर्ण रुपमा निमिट्यान्न पार्न त सकेन तर त्यस्को प्रभावलाई न्युनिकरण गर्न खेलेको भूमिका अतुलनीय छ । मण्डलीले यस्तो भूमिका व्यक्तिगत तथा सामूहिक रुपमा निर्वाह गरेको पाईन्छ । मण्डलीका पिताहरू (Church Fathers), जसले खीष्टियन विश्वासको आधारभुत विश्वासको सारका विषयहरूमा विभिन्न पुस्तक/लेखहरू लेखेर बाइबलको शिक्षालाई बुझ्न अझ सरल बनाई दिए । झुटो शिक्षाको प्रतिकार गर्न समय-समयमा मण्डलीका प्रतिनिधिहरू (विशपहरू) एकताबद्ध भई खीष्टियन साँचो सिद्धान्त (Sound Doctrines) प्रतिपादन गरि मण्डलीको जगलाई दृढता प्रदान गरेको पाईन्छ । यसले खीष्ट र पवित्र आत्मा सम्बन्धि धारणाहरू स्पष्ट भएर आएका छन, जसले खीष्टियन विश्वासलाई बलियो आधार प्रदान गरेको छ, साथै मण्डलीलाई पवित्रता तर्फ डोऱ्याएको छ । यसरी झुटा शिक्षा प्रवेश भएको खण्डमा मण्डलीले आफ्नो दायित्वलाई अनुशासित भई पूरा गरेको पाउँछौं ।

झुटो शिक्षाले मण्डलीमा नकारात्मक प्रभाव त पाऱ्यो नै तर यसले केही सकारात्मक परिणाम पनि ल्याएको छ । यसो भन्दै गर्दा झुटो शिक्षाको प्रभाव ठीकै हो भन्नु मेरो मनसाय पक्कै होइन तर यस्तो प्रतिकूल परिस्थिति माझ पनि मण्डलीले आफ्नो भूमिकालाई प्रभावकारी ढंगबाट खेल्न सक्छ भनेर स्पष्ट पार्नु हो । आज नेपाली मण्डलीहरुले मण्डली इतिहासको परिघटनाबाट के सिक्न सक्छन् त ? वर्तमान समयमा झुटा समूहको प्रभावलाई कसरी बुझेको छन् ? आज नेपाली मण्डलीहरू कस्तो धरातलमा उभिएर आफ्नो भूमिका खेलिरहेका छन् ? कतै बिना बाइबलीय आधार यो समूह झुटो - त्यो समूह झुटो भनेर मात्र विरोध गरिरहेका पो छन् कि ? झुटा समूहहरू खीष्ट विरोधी हुन् र तिनीहरुलाई अन्तको दिनका चिन्हको रुपमा मात्र पो लिइरहेका छन् कि ? तर यस्ता कार्यहरू साँचो खीष्टको मण्डलीलाई कदापि सुहाउँदैन ।

झुटा शिक्षाहरूको विरोध गरेर मण्डलीले समय खेर फाल्नुभन्दा बरु जति सक्दो मण्डलीले आफ्नो विश्वासीहरूलाई बाइबलीय शिक्षा दिई विश्वासमा दृढ तुल्याउन सक्नुपर्छ । लेख्ने बरदान भएकाहरुले सत्य तथ्यलाई बुझेर तथा अध्ययन अनुसन्धान गरेर पुस्तकहरू लेखी प्रेरणा दिन सक्छन् । व्यक्तिगतरुपमा समाधान गर्न नसकिने समस्या समूहमा छलफल गरी निर्ष्कषमा पुग्न सकिन्छ । यदि कुनै समूह झुटो हो भने त्यस्ता समूहलाई बहिष्कृत समूह भनि प्रतिबन्ध लगाउने संयन्त्र पनि खडा गर्न सक्नुपर्छ । तर के यस्ता कदमहरू चालिएका छन् त ? वा हामी ती समूहहरूको विरोध मात्र गरिरहेका छौं ? यसो गरिरहेका छौं भनेता संसारिक दृष्टिकोणबाट खीष्टियन-खीष्टियन बिचमा भइरहेको युद्ध जस्तो पो देखिन्छ । शैतानलाई अझ उपयुक्त मौका मिल्छ । यसकारण यस प्रकारका विरोध गर्ने तरिकाहरू समस्याको मूल समाधान पक्कै पनि होइन । यस कुरामा मण्डलीले सोच्नै पर्छ, होइन भने खीष्टियन तथा अखीष्टियनहरू भ्रममा पर्नेछन् । सत्य असत्य पहिचान गर्न कठिन हुनेछ । समय हुँदै यसको समाधान गरौं र साँचो रुपमा खीष्टको राज्यलाई विस्तार गरौं । मण्डलीलाई शुद्ध, पवित्र र सिद्ध दुलहीको रुपमा सुसज्जित तुल्याऔं किनकि हाम्रो प्रभु येशू चाँडै आउँदै हुनुहुन्छ । बाइबलले भन्दछ, "होशियार रहो, जुन कुराको निम्ति तिमीहरू काम गरिरहेका छौ, त्यो गुमाउने होइन तर पूरा इनाम पाउने होओ ।" (२ यूहन्ना ८) ।

(यो लेखका मुख्य बुदाहरू B.K Kuiper को "The Church in History" भन्ने पुस्तकबाट सभार गरिएको हो । )

# झुटा शिक्षाहरूको चुनौतीको सामना



- बिनोद मगर

नेपालमा मण्डलीहरू बढ्दो क्रममा छन् र विश्वमै ईसाई विश्वासमा उच्च वृद्धिदर हुन आउने राष्ट्रहरूमध्ये नेपाल अग्रपङक्तिमा आउँछ । तथापि मण्डलीभित्र झुटा शिक्षाहरूको पनि बृद्धि भएको तथ्यलाई भने हामी नकार्न सक्दैनौं । समुदाय, सरकार र अन्य धर्ममा आस्था राख्नेहरूबाट आँउने बाधा र चुनौतीको सामना गरिरहेको ईसाई समुदायलाई यस्ता झुटा शिक्षाबाट पनि ठूलै चुनौती आइरहेको छ । हामीले देहायबमोजिम कार्यहरू गरेर यस्ता चुनौतीहरूको विरुद्धमा डटेर सामना गर्न सक्छौं ।

१. **अनुसन्धान:** सबै प्रकारका झुटा शिक्षाहरूको पृष्ठभूमि र ईश्वरशास्त्रको सिद्धान्तबारे गहन अध्ययन र अनुसन्धान गर्नु आजको आवश्यकता हो किनकि झुटा शिक्षाहरूले मण्डलीहरूलाई ठूलो चुनौती दिदै आएका छन् । त्यसबाट उपलब्ध सम्पूर्ण जानकारीलाई हरेक मण्डलीका पास्टरहरू, शिक्षकहरू, अभियानकर्ताहरू, विद्यार्थीहरू र विश्वासीहरूलाई उपलब्ध गराउनुपर्छ । साथै उनीहरूको बृद्धिबारे तथ्याङ्क तयार गरि उनीहरू कुन क्षेत्रमा बढे र के कारणले बढे सो पत्ता लगाएर त्यसबारे आवश्यक कदम चाल्नु पनि जरुरी छ । सम्भव भए नेपालका सबै सम्प्रदायका अगुवाहरू एकै ठाउँमा भेला भएर सरसल्लाह गरि झुटा शिक्षालाई निरुत्साहित गर्न शसक्त र फराकिलो अवधारणाको विकास गरि उचित कदम चाल्न सकिन्छ किनकि अधिकांश नेपाली मण्डलीहरू अहिले पनि बाइबलीय गहिरा शिक्षाहरू पाइसकेका छैन् ।

२ **लेख रचनाहरू:** पछिल्लो समयमा ईसाई समुदायमा पनि विभिन्न पत्रपत्रिकाहरूको प्रकाशन हुन थालेको छ । ती पत्रपत्रिकाहरूमार्फत यदि हामीले झुटा शिक्षाहरूको विश्वास र तिनको खण्डन गर्ने लेख रचनाहरू सामान्य व्यक्तिले पनि बुझ्ने गरेर उपलब्ध गराउन सक्यौं भने झुटा शिक्षाहरूका चुनौतीहरूलाई कम गर्न सकिनेछ । वास्तवमा, झुटा शिक्षाहरूको लेख रचनाहरूका गुणस्तर पनि उच्च स्तरका छन् । उनीहरूको पत्रपत्रिका र पुस्तकहरूको दाजोमा हाम्रा पत्रपत्रिका र पुस्तकहरु अति नै कमजोर देखिन्छन् । जुन प्रकारले उनीहरूले आफ्ना लेख रचनाहरू हरेक ठाउँ र वर्गहरूलाई उपलब्ध गराईरहेका छन्, त्यसको दाँजोमा हाम्रा लेख रचनाहरू भने केवल ईसाई समुदायमा मात्रै सिमित देखिन्छन् । यस क्षेत्रको सुधार गर्दै अघि बढ्नु निकै नै चुनौतिपुर्ण भए पनि झुटा शिक्षाको समस्या समाधानमा यो एउटा महत्वपुर्ण कदम हुनेछ ।

३. **पाठ्यक्रमको विकास र अध्ययन:** झुटा शिक्षाहरूबारे जानकारी मुलक कक्षाहरू हाम्रो ईसाई समुदायका तालिम केन्द्रहरू, सेमिनारीहरू, बाईबल स्कुलहरू लगायतका ठाउँहरूमा दिइन्छ । तर यस विषयबस्तुमा केन्द्रित रहेर पाठ्यक्रमको विकास गर्ने काम भने भएको पाइदैंन । अनुसन्धान गरेर प्रत्येक झुटा शिक्षाहरूका पृष्ठभूमि, विश्वास, संरचना र प्रशासनबारेको जानकारी, झुटा शिक्षाबाट फर्केकाहरूको गवाही र झुटा शिक्षाहरूप्रति बाईबलीय दृष्टिकोण लगायतका

अरु आवश्यक कुराहरू समावेश गरि उपयोगी पाठ्यक्रमको विकास गर्नु आवश्यक छ । जसको प्रयोग सम्पुर्ण तालिम केन्द्र, सेमिनारी र बाईबल स्कुलहरूमा गर्न सकिनेछ ।

४. **सभा सेमिनारहरूको आयोजना:** झुटा शिक्षाहरूबारे जानकारी र अपनाउनु पर्ने सतर्कताबारे केन्द्रित भई देशभरि सभा सेमिनारहरूको आयोजना गरी झुटा शिक्षाहरूको चुनौतीलाई निर्मुल पार्न सकिन्छ । अगुवा सम्मेलन, तालिम, कन्सर्ट, चेलापन आदि विषयमा सेमिनारहरूको सहभागिता अत्यधिक मात्रामा भएता पनि झुटा शिक्षाहरूबारे भने यथेष्ट रुपमा भएको पाईंदैन । झुटा शिक्षासँग सम्बन्धित विभिन्न विषयवस्तुहरूबारे यस प्रकारका सभा सेमिनारहरूमा स्पष्ट पार्न सकिन्छ ।

५. **सामाजिक सञ्जालको प्रयोग:** प्रविधिको उच्चतम प्रयोग हुने यस समयमा एक अर्कासँग सहजै ढङ्गले आवश्यक जानकारी लिन र दिन सकिन्छ । पत्रपत्रिकामा मात्र सिमित नभई अनलाईन न्यजु पोर्टलहरू, ब्लगहरू, वेभसाईट एवंम् युट्युब लगायतका उपलब्ध कुराहरूको प्रयोग गरि मण्डलीहरू र विश्वासीहरूलाई झुटा शिक्षाबारे सचेत गराउन सकिन्छ । तर यस्ता ठाउँहरूमा उपलब्ध गराईने रचनाहरूलाई सिर्जनात्मक ढङ्गले तयार पार्नु निकै नै महत्वपुर्ण हुन्छ किनकि ती पछिसम्मका लागि अभिलेखका रुपमा रहन्छन् जसको प्रयोग भावी पुस्ताकाहरूले गरेर झुटा शिक्षाका चुनौतीहरूलाई सामना गर्न सक्नेछन् किनकि आउने दिनहरू झुटा शिक्षाहरू अझ धेरै नै बढने यथार्थताको उजागर हाम्रो प्रभुले अघि नै गरिसक्नु भएको छ ।

---

**रोगलाई पूर्णरूपमा निर्मुल पार्नुभन्दा रोग लाग्न नै नदिनु उत्तम उपाय हो । यसकारण, यसको लागि समयमै हामीले तयारी गर्नुपर्छ । नत्र यसले हाम्रो बिचमा भयावह अवस्थाको सिर्जना गर्नेछ ।**

---

# चिनारी:रन फर द गोस्पल (Run for the Gospel)

**Vision:** We see Nepali Christians laboring to restore and flourish Nepali communities in the fruits of the Gospel and experiencing the true God through their lives.

**दर्शन:** आफ्नो जीवनमा सुसमाचारका फलहरू फलाउदै नेपाली समुदायलाई पुर्नस्थापना र सुसज्जित पार्न परिश्रम गरिरहेकाहरूको जीवनबाट नेपाली समुदायले साँचो परमेश्वरको अनुभव गरिरहेको ।

**Mission:** To reach the unreached in the power of Gospel around Nepal through local churches.

**मिसन:** सुसमाचार नपुगेका ठाउँहरुमा सुसमाचारको शक्तिद्वारा स्थानीय मण्डली मार्फत नेपालभरि पुग्नु ।

**Motto:** For I am not ashamed of the Gospel (Romans 1:16)

**आदर्श वचन:** किनकि म सुसमाचारसँग शर्माउदिन । (रोमी १:१६)

**Theme:** Christ and Culture (Psalm 117:1)

**मुख्य अवधारणा :** खीष्ट र संस्कृति (भजनसंग्रह ११७:१)

## परिचय

**रन फर द गोस्पल Reformed & Presbyterian Seminary मा अध्यनरत विद्यार्थीहरूद्वारा सन् २०११ मा नेपालका विभिन्न दुर्गम तथा ग्रामिण क्षेत्रहरूमा सुसमाचार पुऱ्याउने उदेश्य लिई स्थापित विद्यार्थीहको आफ्नै स्वायत्त समूह हो ।** यसले यसको स्थापना कालदेखि नै हरेक वर्ष सेमिनारीको विदाको समयहरूमा नेपालका विभिन्न ठाउँहरूमा सुसमाचार पुऱ्याउदै आइरहेको छ । तर सन् २०१७ मा नयाँ समिति गठन भए यता यसले अझै ब्यवस्थित र सक्रिय रुपमा आफ्नो कार्य विस्तार गरि हरेक ६/६ महिनामा सुसमाचार लिएर विभिन्न दुर्गम क्षेत्रहरूमा जाने गरेको छ जबकि बिगतका समयहरूमा प्रत्येक वर्ष १ पटक मात्र जाने गरेको थियो । यसले आफ्नो मुख्य अवधारणा खीष्ट र संस्कृति (Christ and Culture) लाई आत्मसात गर्दै विभिन्न जाती तथा सांस्कृतिक समुहहरूको बिचमा प्रभु खीष्टको सुसन्देश लिएर जाने गरेको छ । यस क्रममा **सन् २०१७ मा यसले पहिलो पटक चितवन जिल्लामा चेपाङ्ग जातिहरूको बिचमा सुसमाचार लिएर गएको थियो । यसैगरि थामी, शेर्पा, नेवार र राई जातिहरूको बिचमा क्रमश: रामेछाप, दोलखा, सिन्धुपाल्चोक र उदयपुर जिल्लाहरूमा सुसमाचार पुऱ्याएको छ ।**

## आर्थिक रणनीति

सुसमाचार कार्यको लागि लाग्ने खर्च जुटाउन यसले विभिन्न मण्डली, संघ संस्था तथा व्यक्तिहरूसँग सहयोगको अपिल गर्नुका साथै विद्यार्थीहरू स्वयम्ले पनि आ-आफ्नो क्षमताअनुसार आर्थिक सहायता पुऱ्याउनुका साथै हस्तकलाका सामाग्रीहरुको बिक्रिवितरण गर्दै आएको छ ।

यसको प्रभावकारिता र बढ्दो मागका कारण यस पटक भने यो समुहले एकै समयमा २ वटा जिल्लाहरूमा (नुवाकोट र रोल्पा) सुसमाचार लिएर जानु पर्ने भएकोले गर्दा करिब दुइ गुना बढी लागत लाग्ने भएको थियो । यो समूहलाई आर्थिक सहायता गर्ने कुनै स्थायी स्रोत छैन । दुई दुई ठाउँमा सुसमाचारिय कार्यक्रम गर्नुको साथै एउटा Portable Speaker को पनि आवश्यक छ । यी आवश्यकताहरूलाई सम्बोधन

गर्न Fund Raising Concert को आयोजना गरि आर्थिक संकलन गर्नको लागि हालसालै २०१९ अप्रिल १३ का दिन एउटा विशेष Concert सम्पन्न भयो । यस Concert को उदेश्य सुसमाचार को लागि लाग्ने आर्थिक लागत संकलन गर्नु मात्र नभई उपत्यकाका विभिन्न स्थानहरुमा रहेका इसाई जवानहरूलाई प्रभुको महान आज्ञामा सहभागी हुन उत्साहित तथा उत्प्रेरित गर्नु पनि थियो । Concert मा लगभग ५०० जना भन्दा बढी इसाई जवानहरूको उपस्थिति रहेको थियो र उनीहरूले प्रत्यक्ष लाभ उठाएका थिए । Concert मा लाग्ने खर्चका लागि यसै RPS का बिद्यार्थीहरू, शिक्षकहरू एवम् विभिन्न मण्डली तथा व्यक्तित्वहरू द्वारा उल्लेखनीय रूपमा (रु. ७३,५५०) आर्थिक सहयोग प्राप्त भएको थियो साथै टिकट बिक्रीबाट रू १,५५,४०० रकम संकल भएको थियो । यसरी अपेक्षाभन्दा बढी रकम संकलन भएको मा हामी परमेश्वरप्रति ज्यादै धन्यवादी छौं ।

## अपेक्षा तथा भावी योजना

यस कार्यक्रमको सम्पूर्ण आर्थिक तथा अन्य व्यवस्थापन गर्दा अध्ययन क्रियाकलापमा धेरै असर नपरोस् भन्नका खातिर आर्थिक संकलनको लागि फरक रणनीति अपनाउने निर्णय गरिएको छ । उक्त निर्णयलाई सार्थक तुल्याउन सेमिनारीका तत्कालीन दिक्षान्तित विद्यार्थीहरू (Recent Graduates) ले प्रत्येक वर्ष रू. १,००० सहयोग गर्ने प्रतिज्ञा गरेका छन् । यसले सेमिनारी पढिरहेका विधार्थीहरूलाई आर्थिक, मानसिक र शारीरिक भारलाई कम गराउने छ ।

**साथै आगामी दिनहरूमा यसलाई अझै व्यवस्थित र संस्थागत ढाँचामा रूपान्तरण गर्न यस सेमिनारिका दिक्षान्तित विद्यार्थीहरूलाई एकत्रित गर्दै यसलाई अझै बृहत रूप दिई युवाहरूको निम्ति प्रभुको राज्यको निम्ति हरेक तवरबाट सेवा गर्ने मंच तयार गर्ने प्रयत्नका साथ अगाडी बढ्दै छौं ।**

यस कार्यलाई मुर्त रुप दिनको लागि Run for the Gospel परिवार यहाँहरुको प्रार्थना साथै सहयोगको अपेक्षा गर्दछ ।

**प्रेम श्रेष्ठ,**
**पूर्व सल्लाहकार**
**रन फर द गोस्पल**

# गवाही: आफ्नै पास्टरलाई माताको प्रचार

-जीवन थापा

झन्डै २० बर्ष अगाडिको कुरो हो। मेरी आमा धेरै बिरामी हुनुहुन्थ्यो । हामीले उहाँलाई धेरै ठाँउमा नानाथरिका झाँक्रीहरूसँग देखाउथ्यौं । हामीले उहाँलाई डाक्टरहरू कहाँ लान्थ्यौं। हामीले उहाँलाई लिएर अस्पताल धाउथ्यौं। तर उहाँको रोगमा कुनै सुधार आएन । हामी निराश भयौं ।

तर एकदिन हामीले सुन्यौं कि चर्चमा गयौं भने रोगबाट मुक्ति पाइन्छ । हामीले आमालाइ चर्चमा लिएर गयौं । केही दिनमा आमा निको हुनुभयो । यसपछि हामीले पनि प्रभुमा विश्वास गऱ्यौं । निरन्तर हामी मण्डली जान थाल्यौं । अनि म र मेरा भाई बहिनी सबैजना सन्डे स्कुल जान सुरु गऱ्यौं । सानैछँदा मैल खीष्टबारे बाइबलबाट सिक्ने मौका पाएँ। तर मुक्तिवारे स्पष्ट थिएन। यसबारे अझैं बुझ्नै बाँकीनै थियो । जिज्ञासु स्वभावको भएकोले छोटो समयमा धेरै कुरा सिक्न चाहन्थे । मण्डली जाँदा पास्टर अगुवाहरूलाई धेरै प्रश्न सोध्थें र उहाँहरूले बुझ्ाई पनि दिनुहुन्थ्यो। तर एक दिन चर्चमा भएको वादविवादका कारण मैले मण्डली छोड्नु पऱ्यो ।

त्यही समयमा हाम्रै मण्डलीमा आउने पुरानो साथी सियोन मण्डलीमा जान थालेको पाए र म पनि उसँगै नयाँ मण्डलीमा जान सुरु गरे। सुरुमा त अन्योलमा परे। मैले विश्वास गरेको खीष्ट त अर्कों पो रहेछ भन्ने लाग्यो । तर तिनीहरूको शिक्षाले मेरो युवा अवस्थाको सोचबिचारलाई यस्तो तरिकाले परिवर्तन गरिदियो कि मलाई थाहै भएन । त्यसपछि यो समुहको शिक्षाहरू बुझ्न थाले । आङसाङहुङ नै पवित्र आत्मा परमेश्वर हुनुहन्छ भन्ने सिके । येशु खीष्टले नचिनाउनु भएको, उहाँको माता परमेश्वर पनि हुनुहुन्छ भनेर मैले प्रचार गर्न सुरु गरे ।

**एक दिन पुरानो चर्चको पास्टर बुबा मेरो घर आउनुभयो र मैले उहाँलाई सोधे कि माता परमेश्वर हुनुहुन्छ भन्ने शिक्षा मबाट किन लुकाएर राख्नु भएको ? किन मलाई यो शिक्षा दिनु भएन ?**

यो सुनेर उहाँ हाँस्नुभयो । र भन्नुभयो यसको जवाफ मसँग पनि छैन ।

**अहिले मलाई यो महसुस हुन्छ कि त्यो समयमा म असत्य तिर बहकिसकेकोले उहाँसँग चर्को विवाद गरे । र उहाँलाईनै 'माताको' प्रचार गर्दै साँचो विश्वासमा आउन निम्तो दिएँ ।**

मण्डलीका साथीहरू, अगुवाहरू र मेरा नातेदारहरू कहिलेकाँही भेटन आइरहनु हुन्थ्यो । सबैसँग मेरो त्यस्तै वादविवाद हुन्थ्यो र उहाँहरू फर्केर जानुहुन्थ्यो । मेरो आमा लगायत धेरैजनाले मेरो निम्ति उपवास बसेर मेरो निम्ति प्रार्थना गरिरहनु भएको थियो । त्यस समयमा मलाई सबै जनाले सियोनबाट फर्काएर ल्याउने उपायहरू खोज्न थाल्नुभएको थियो । पालुङको एक जना पास्टर

बुबासँग पनि झन्डै रातभरि नै मेरो वादविवाद भयो । उहाँसँगको वादविवादले म अन्यौलमा परे । उहाँले भन्नुभयो कि यो त मुस्लिम जस्तै रहेछ :- "बदलिनै नसक्ने", उहाँले भन्नुभयो । सियोन चर्च नजाऊ, बरु मस्जिद जाऊ । त्यसपछि मैले केही भनिन तर मलाई सम्झाउन खोज्नेहरूबाट टाढिन थाले । सबैजनाले मलाई फर्काउन खोज्दथे तर म एक्लो बस्न खोज्थे । अन्त्यमा मेरो मनमा बिभिन्न प्रश्नहरू उब्जिन थाले । वादविवादले नसुल्झिने प्रश्नहरू पनि मनमा आउन थाले । किन म एक्लो छु ? के यी नै हुन, मैले जानेका सत्यहरू । मैले खोजेको सत्यता यो हो त । त्यसपछि म सियोन मण्डलीमा गएर यी कुराहरूकाबारेमा प्रश्न गर्न थाले । त्यहाँका साथीहरू र प्रमुख व्यक्तिहरूले उत्तर दिनुको सट्टा चेतावनी दिनुभयो तर मैले सत्य के हो बुझ्ने कोसिस गरिरहे । कसैले उत्तर दिएनन् । र अरूहरूले चाहिँ मलाई मात्र आ-आफ्ना मण्डलीहरूमा फर्काइ ल्याउन मात्र खोजिरहेका थिए ।

त्यसपछि म मण्डली जान छोडिदिएँ । मण्डली जान छोडेको करिब एक बर्षपछि मैले पास्टर मणी कोइरालालाई भेट्ने अवसर पाएँ । पहिले उहाँले मलाई बुझ्ने कोशिस गर्नुभयो । किन म एक्लो छु ? म कुन स्तिथिमा छु ? म कुन स्तिथिमा झुटो मण्डलीमा जान पुगे ? कस्तो अवस्थामा उ झुटो मण्डली सही र सत्य मण्डली गलत हो भन्ने निर्णयमा पुग्यो ? उहाँले भन्नुभयो, "कुन मण्डली गलत र कुन सही छुट्याउन नखोज तर सत्य के हो त्यो जान्ने प्रयास गर ।" साथै उहाँले भन्नुभयो कि हाम्रो मण्डलीमा आएर सत्य के हो बुझ्ने प्रयास गर । मेरो पढाई र काम पूर्णरुपमा लथालिंग भएको थियो । उहाँले काम र पढाईलाई सुचारु गर्न पनि सल्लाह दिनुभयो ।

**त्यसको केही समयपछि मैले बुझे कि गलत चाहिं के हो ? "सत्यलाई चिनेर पनि भुलेको रहेछु ।" अनि मैले अठोट गरे कि म नक्कली चिन्ने होइन तर चिनेको सक्कली चिजलाई बढी प्राथमिकता दिनेछु।**


पा. मणीलाई भेट्न सहयोग गरिदिनु हुने एल्डर सालोम (दिलकुमार) दाजुलाई हृदयदेखि नै धन्यवाद । अन्त्यमा विश्वासी तथा मण्डलीका अगुवाजनहरूलाई यो भन्न चाहन्छु कि कोही पनि व्यक्ति आफैले गलत बाटो अपनाउँदैनन् । त्यो बाटो रोज्नुमा उसका बाध्यताहरू पनि हुनसक्छन् । केही मानिसहरू अन्जानमा पनि त्यो गलत मार्गलाई पछ्याउँछन् । र कोही धेरै जान्ने प्रयास वा जिज्ञाशाले गर्दा गलत मार्गमा जानपुग्छन् । यसकारण विश्वासीहरू कुनै पनि अनौठो शिक्षाहरूबाट सचेत हुनु जरुरी छ । यसबारे मण्डलीका अगुवाहरूसँग परामर्श तथा सल्लाह लिनु जरुरी छ । अनि कसैसँग वादविवाद भएमा पनि बिद्रोही हिसाबले वा बदलाको भावनाले मण्डली त्यागेर अन्य मण्डलीमा जानु हुदैन । र मण्डलीका अगुवाहरूले पनि अफ्ना कमजोरीहरूलाई पनि बुझ्न जरुरी छ किनकि गल्ती सधै विश्वासीहरूको मात्रै हुदैन । सबैले गल्तीलाई समयमै बुझ्नुपर्छ नत्र गलत ठाउँमा गयौं भन्ने फर्किन असम्भव हुन्छ । गलत शिक्षामा लागेकाहरू नक्कली सत्यको लागि ज्यान अर्पण गर्न पनि तयार हुन्छन् । तर परमेश्वरलाई धन्यवाद होस ताकी म लगभग असम्भवको भयानक खाडलबाट उम्कन सफल भए ।


अन्त्यमा, एउटा आत्मा भड्किनुमा कसको दोष ? यसको परिणाम र सजाय कसले भोग्ने ? बाईबलको शिक्षाहरूबाट सबैलाई अवगत नै छ भन्ने ठान्दछु ।

# डा. विरेन्द्र श्रेष्ठका
# (Th.M.,Ph.D in Old Testament)
# प्रकाशित कृतिहरु

## पुरानो करारको परिचय:

यस पुस्तकमा पुरानो करारको बारेमा सरल तारिकाले लेखिएका हुँदा बाइबल तालिम केन्द्रका विद्यार्थीहरु, मण्डलीका अगुवाहरु र साधारण सदस्यहरुले प्रत्यक्ष रुपमा ज्ञान प्राप्त गर्न सक्नेछन् ।




## A Basic Understanding of the Old Testament

This book is useful for the Seminaries' students and those who prefer to read the Old Testament in English.

## प्रकाशोन्मुख कृतिहरु

१. कवितात्मक पुस्तक (अय्यूब, भजनसंग्रह, हितोपदेश, उपदेशक, र श्रेष्ठगित)
२. पन्चग्रन्थ (उत्पत्ती, प्रस्थान, लेवी, गन्ती, र व्यवस्था)
३. इतिहासका पुस्तक (१२ वटा पुस्तकहरु)
४. ठूला अगमवक्ताका पुस्तक (५ वटा पुस्तकहरु)
५. साना अगमवक्ताका पुस्तक (१२ वटा पुस्तकहरु)

# REFORMED & PRESBYTERIAN SEMINARY

## Programs Offered

### Master of Divinity (M.Div.)

RPS offers Master of Divinity (M.Div.) program as a semester system, which is only one seminary in Nepal. M.Div. is two years residential program for students with ATA accredited Bachelor of Theology degree and three years for non-ATA accredited B.Th. degree. We accept "Mature Candidates" who are over 30 years of age and have five years of full time ministry experience. M.Div. is designed to equip students to become excellent intellectuals (critical thinkers) for Nepal, excellent Biblical scholars (academics), and excellent pastors who love the church. RPS is one of the AGSTNP consortium members for Master of Theology (Th. M.) degrees under ATA since the beginning of the consortium.



### Bachelor of Theology (BTh)

RPS offers Bachelor of Theology degree accredited by Asia Theological Association (ATA). This program is designed to prepare pastors and ministry leaders for Christ's churches in Nepal. This is a four-year residential degree program that requires completion of higher secondary education.



### BTh, Majoring in Christian Education

We offer BTh specialized in the Christian Education. Its main purpose is to train the students who desire to serve in educational ministry.

### BTh, Majoring in Church Music

We offer BTh specialized in the Church Music. Its main purpose is to train the students who are gifted in music and want to serve church with the gift of music.




***FOR MORE INFORMATION PLEASE CONTACT***

**REFORMED & PRESBYTERIAN SEMINARY**
Lalitpur Metropolitan City, Ward No. 25
Phulbari Chowk, Bhaisepati
**Phone:** 977-1-5592987 | **Fax:** 977-1-559298
**Postal:** GPO 8975, EPC 1923 Kathmandu, Nepal
**Email:** rpseminary@gmail.com
**Web:** www.rpsnepal.com